# आर्थिक वर्ष २०८३/०८४ को

## नीति तथा कार्यक्रम

**गण्डकी गाउँपालिका**

**गोरखा**

गण्डकी प्रदेश, नेपाल

२०८३

# गण्डकी गाउँपालिका अध्यक्ष श्री दिपक तिमिल्सिनाद्वारा बिसौं गाउँसभामा प्रस्तुत नीति तथा कार्यक्रम

## आर्थिक वर्ष २०८३/०८४ को

नीति तथा कार्यक्रम

**गण्डकी गाउँपालिका**

**गोरखा**

गण्डकी प्रदेश, नेपाल

**मिति २०८३ असार ०८ गते सोमबार ।**

**"सामाजिक न्याय सहितको दिगो विकासको चाहना कृषि, उद्योग, पर्यटन प्रवर्द्धन गण्डकीको योजना"**
**आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम**
**सभामा प्रस्तुत मिति २०८३/०३/०८**

**गाउँपालिका उपाध्यक्षज्यू,**
**गाउँसभा सचिवज्यू,**
**गाउँपालिका प्रवक्ताज्यू, वडाध्यक्षज्यूहरु, कार्यपालिका सदस्यज्यूहरु,**
**गाउँपालिका सदस्यज्यूहरु,**
**विषयगत शाखाका प्रमुख लगायत सम्पूर्ण कर्मचारीज्यूहरु,**
**शिक्षक तथा विभिन्न पेशा व्यवसायमा सम्बद्ध साथीहरु,**
**गण्डकी गाउँपालिकाका नागरिक अगुवा, सम्पूर्ण गाउँपालिकावासी आमाबुवा, दाजुभाई तथा दिदीबहिनीहरू,**
**सुरक्षाकर्मी, पत्रकार लगायत उपस्थित सबै व्यक्तित्वहरु।**

आज हामी संविधान र कानुनी मान्यता अनुरुप यस गरिमामय सभामा स्थानिय सरकारको नीति तथा कार्यक्रम समग्र पालिकाको समृद्धि र प्रतिवद्धताको दस्तावेजको रुपमा प्रस्तुत गर्दैछौ । हाम्रो गाउँपालिका ९ वर्ष पुरा गरि १० औं वर्षमा प्रवेश गर्दै छ भने दोश्रो कार्यकालको ४ वर्ष पुरागरी ५ औं वर्षमा तथा अन्तिम वर्षमा प्रवेश गरिरहेका छौ । विगतको धेरै कठिनाइ र चुनौति सहितको भोगाइ वाट हुर्कदै आज हामी आफ्नै छानामुनि वसेर २० औ गाउँसभा गौरभपूर्ण ढंगले गरिरहेका छौ । यो सु—अवसर प्रदान गर्नुहुने दाता प्रति हार्दिक आभार प्रकट गर्दै यस गरिमामय गाउँसभामा सहभागी सम्पूर्ण गाउँसभाका सदस्य ज्यूहरुलाई हार्दिक स्वागत गर्दछु ।

समावेसी र समानुपातिक प्रतिनिधित्व सहितको संघिय लोकतान्त्रिक गणतन्त्र, नागरिकको सार्वभौम अधिकार, सवैप्रकारका विभेद र उत्पीडको अन्त्य सामाजिक न्याय प्राप्त गर्नु हाम्रो मुलुकको लागि ऐतिहासिक आमुल परिवर्तन हो । यी महत्वपूर्ण उपलब्धि प्राप्त गर्नको लागी विशेष गरि दश वर्षे जनयुद्ध, जनआन्दोलन, मधेश आन्दोलन,जनजाती आन्दोलन, जेन्जी आन्दोलन लगाएत विभिन्न कालखण्डमा आफ्नो अमुल्य जीवन उत्सर्ग गर्नुहुने अमर शहिदहरु प्रति हार्दिक श्रदाञ्जली एवं उच्च सम्मान व्याक्त गर्दछु । साथै घाइते योद्धा प्रति पूर्ण स्वास्थ्यलाभको कामना गर्दै वेपत्ता योद्धा प्रति गहिरो स्मरण गर्दछु । योगदान र वलिदानको उच्च किर्तिमानमा लामवद्ध सम्पूर्णमा हार्दिक आभार प्रकट गर्दछु ।

स्थानिय सरकार संघियताको मुल आधार हो । संविधानतः तिन तह हुनेगरि राज्य शक्तिको बाँडफाँड भए अनुरुप स्थानीय सरकार जनताको नजिकको सरकारको रुपमा स्थापित र सवलिकरण

हुदै गएको छ । जनताको सहभागिता र स्वामित्व सहितको योजनाले जनतामा आफ्नो अपनत्वको महसुस झन वढ्दै गएको छ । संघिय लोकतान्त्रिक गणतन्त्रको मर्म र भावना अनुरुप स्थानीय सरकार जनताको सेवक र रुपान्तरणको सम्वाहक वनेर समाजवादको आधार तयार गर्ने लक्ष्य सहित समृद्धिको वाटोमा लम्कीरहेको छ,

हामीले हाम्रो पालिका सवल र प्रभावकारी वनाउनको लागी सुशासन, विकास र सेवाप्रवाहालई मुल मन्त्रको रुपमा ग्रहण गर्नै पर्दछ । सुशासनको क्षेत्रमा चुस्त दुरुस्त सांगठानिक संरचना अनुभवि र आवश्यक जनशक्ति, समन्वय र सहकार्यको संस्कृती नतिजामुलक अनुगमन र मूल्याङ्कन न्यायिक मैत्री पूर्ण वातावरण निर्माण गर्दै पूर्ण पारदर्शि र जवाफदेहि ढंगले अगाडी वढ्ने विश्वास लिएको छु ।

**विकाश निर्माणको क्षेत्रमा " सामाजिक न्याय सहिनको दिगो विकासको चाहाना, कृषि उधोग पर्यटन प्रवद्धन गण्डकीको योजना"** भन्ने नारा सहित उत्पादनमा वृद्धि, रोजगारिको सृजना कृषिमा आधुनिकरण, लक्षित वर्ग र क्षेत्रको जिविकोपार्जन एंव सशंक्तिकरण, गुणस्तरीय शिक्षा, घरेलु उद्योग, युवा उद्यमशिलता नवप्रवर्तन, पर्यटनमा वृद्धि आधारभूत स्वास्थ्य सेवा, स्वच्छ खानेपानी, सामाजिक सुरक्षा, खेलकुद, वन तथा वातावरण सहित पुर्वाधार निर्माणमा प्रतिवद्धता दिदै पालिकावासिको सपना पुरा गर्ने प्रतिवद्धता व्यक्त गर्दछु ।

समृद्ध पालिका निर्माणको लागी सेवा प्रवाह एउटा मुख्य मापदण्ड हो । सार्वजनिक सेवाको गुणस्तर वृद्धि गर्ने प्रविधिको अधिकतम प्रयोग गर्दै नागरिकको आवश्यकता पूरा गरी जनविश्वास वढाउने उदेश्य सहित सेवा प्रवाहालाई प्रभावकारी छिटो छरितो पारदर्शी र समय अनुकुल वनाइने छ । साथै न्याय क्षेत्रमा नागरिकाको समान पहुच हुनेगरी ढिला सुस्ति र खर्चिलो न्याय प्रणालीलाई समयमै र कम खर्चमा फैसला हुने पहल गरिने छ । प्रचुर सम्भावनाहरु बोकेको हाम्रो पालिका आगामी वर्षहरुमा हरेक क्षेत्रमा नयाँ मानक स्थापित गर्दै अगाडी वढ्ने विश्वास दिलाउन चाहान्छु । पुर्वाधार, कृषि, शिक्षा, स्वास्थ्य, लघु तथा घरेलु उद्योग, जलविद्युत, रोजगार नवप्रवर्तन लगाएतको क्षेत्रमा हाम्रो पालिका आशालाग्दो र नतिजामुखी ढंगले अगाडी वढेको कुरा यस सम्मानित सभामा राख्न चाहान्छु । हरेक मापदण्ड वा सुचकले हामीलाई काम गर्ने हौसला र इच्छाशक्ति पैदा गरेको छ ।

सफलताको जति उचाई चढ्दै जान्छ समस्या र चुनौति पनि त्यतिकै वढ्दै जाने यथार्थतालाई हामीले आत्मसाथ गरेका छौ । एकातर्फ चालु आ.ब. २०८२/०८३ योजानको कार्यन्वयनमा आन्तरिक र वाह्य समस्याको कारण नतिजामा चुनौती भइरहेको छ । २०८२ भाद्र २३ र २४ को जेन्जी आन्दोलन, मध्यवर्ति (आवधिक) निर्वाचन (२०८२ फागुन २१) चुनावका कारण विनियोजित रकमको कटौति, अमेरिका—इरान युद्धले इन्धनमा पारेको समस्या लगाएतको विषयले हाम्रो पालिकालाई गहिरो प्रभाव पर्न गयो । आर्को तर्फ आजको २० औं गरिमामय गाउँसभा आफ्नै

जमिनमा आफ्नै छानामुनी सगौरभ चलिरहदा हाम्रो पालिकाको उपलब्धी र सवलिकरणलाई वुझन वुझाउन नसक्नुमा केही सिमाको महसुस गरिरहेका छौ । हामिले कसैको ब्याक्तिगत लाभ र स्वार्थ विना एकतावद्ध खटिरहेको अवस्थामा कहि कतै वाट गम्भिर प्रकारको अड्चन सृजना गरी पालिका वासिको लागी गम्भिर घात हुन पुग्ने गरि मुद्धा मामिला झेलिरहेका छौ । करिव सवै वडा र पालिका सम्मको दर्जनौ विषयमा तल देखि सर्वोच्च सम्म नकारात्मक फाइल दौडाइ रहेको छ । अत्यन्त पुर्वाग्राही, प्रतिशोध र ब्यक्तिगत स्वार्थमा धक्का लागे जसरी समस्यालाइ रवर जस्तै तन्काइ रहने कुराले पालिका वासीलाइ मात्र होइन की स्वयम आफूलाइ पनि प्रत्युत्पादक बन्ने छ र भावी पुस्ताले प्रश्न गरिरहने वातावरण नवनाउँ भन्ने कुरा सभामा राख्न चाहान्छु । मुलरुपमा हामी जनताको सेवक नै हौ हाम्रो एकतामा हाम्रो भविश्य छ । हातेमालो गरौ कहिले काही आफ्नो सोच अनुरुप लाभ प्राप्त नहुन सक्छ समग्र पालिकाको हितमा आफ्नो हित ठानौ आगामी दिनमा पालिकालाइ चुनौति दिएर होइन नकरात्मक र अफ्ठ्यारो विषयलाई चुनौती दिन हाम्रो देशको व्यावस्था अनुरुप प्रतिस्पर्धा गरौ । अहिले पालिका परिवार जनताको खुसि र समृद्धिको लागी सवै संग हात फैलाउदै दिन रात खट्न प्रतिवद्ध रहेको कुरा यस गरिमामय सभामा राख्न चाहान्छु ।

संघियताको मुल मर्म र भावना अनुरुप तिनै तहको सरकारको भुमिकालाई अझै मझवुद वनाउन चाहान्छौ । हरेक मापदण्डमा अझै हाम्रो पालिकाको ग्राफ वढाउन माथिल्लो तहका सरकार र निकायहरु सगं समन्वय, सहकार्य र सहअस्तित्वलाई आत्मासाथ गर्दै जनताको लागी घरदैलोको सरकारको रुपमा स्थापित गर्न प्रतिवद्ध रहन्छौ ।

**गाउँसभा सदस्य ज्यूहरु,**

अब म गण्डकी गाउँपालिकाको आ.व. २०८३/०८४ को नीति तथा कार्यक्रम तर्जुमा गर्दा लिएका **आधार, आधार क्षेत्र, उद्देश्य तथा प्राथमिकता** निम्न बमोजिम प्रस्तुत गर्दछु।

**(क) <u>आधारहरु</u>**

- नेपालको संविधान, २०७२
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४,
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४,
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ तथा नियमावली २०७६
- संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तर सम्बन्ध) ऐन, २०७७
- स्थानीय तहको वार्षिक योजना तर्जुमा दिग्दर्शन २०७७,
- संघ, प्रदेश र स्थानीय नीति आवधिक योजना, सोच र लक्ष्य
- दिगो विकासका लक्ष्य,

- गण्डकी गाउँपालिकाका कानुनहरु लगायत प्रचलित कानूनी व्यवस्था,
- गण्डकी गाउँपालिकाका विगत आर्थिक वर्षहरुको अनुभव, सिकाई तथा वस्तुस्थिति संघीय सरकारको आवधिक योजनाले लिएका नीति तथा प्राथामिकताहरु
- संघीय र प्रदेश सरकारले अवलम्बन गरेका आर्थिक तथा वित्तीय नीतिहरु
- नेपालले अन्तर्राष्ट्रिय जगतमा जनाएका प्रतिवद्धताहरु
- विकासका समसामयिक मुद्दाहरु दीगो विकास लक्ष्य, जलवायु परिवर्तन र विपद व्यवस्थापन, खाद्य तथा पोषण सुरक्षा, लैंगिक सशक्तीकरण तथा समावेशी विकास
- बालमैत्री तथा वातावरणमैत्री स्थानीय शासन, पूर्ण सरसफाई लगायतका अन्य सम्बन्धित विषयहरु
- हामी बाट निर्वाचनको समयमा जारी गरिएका प्रतिवद्धता पत्रहरु
- विगत आर्थिक वर्षहरुमा गण्डकी गाउँपालिकाले तयार पारेका नीति कार्यक्रम तथा योजनाहरु
- कार्यक्रम तथा बजेट तर्जुमा समिति, राजश्व परामर्श समिति, विषयगत समिति लगायतका समितिबाट प्राप्त प्रतिवेदन तथा सुझावहरु
- बस्ती तथा वडास्तरबाट आएका सुझावहरु
- विभिन्न राजनैतिक दलहरु, संघसंस्थाका प्रतिनिधिहरु, गाउँपालिकाबासी सम्पूर्ण दाजुभाई तथा दिदी बहिनीहरुका सल्लाह तथा सुझावहरु ।

(ख) <u>उद्देश्यहरु</u>

❖ जनताको न्यूनतम आधारभूत आवश्यकताको परिपूर्ति गर्ने।

❖ स्वरोजगारी सिर्जना र गरिवि न्यूनिकरण गर्ने।

❖ भौतिक एवं सामाजिक विकासको पूर्वाधार विकास गर्ने।

❖ आर्थिक सम्वृद्धि, सामाजिक, साँस्कृतिक रुपान्तरण सहितको मानवीय विकास गर्ने।

❖ व्यापक युवा परिचालनको माध्यमबाट रोजगारी श्रृजना गर्ने, आफूसँग भएको साधनस्रोत र सीपको सदुपयोग गरी उत्पादन र उत्पादकत्व बढाउने।

❖ विकासका पूर्वाधारको गुणस्तरीयता कायम गर्ने।

❖ सामाजिक शोषणका सबै अवशेष अन्त्य गर्न आर्थिक समद्धि र सामाजिक, साँस्कृतिक रुपान्तरण अभियान संचालन गर्ने।

❖ शिक्षा, स्वास्थ्य, रोजगार, खाद्य सम्प्रभुत्वता, आवास, रोजगार, सामाजिक न्याय, सामाजिक सुव्यस्था, दिगो विकास गर्दै समाजवादको आधार खडा गर्ने।

- जलस्रोत, उर्जा, कृषि, पर्यटन, पशुपालन, जंगल, जडिबुटी उत्पादन जस्ता आर्थिक उपार्जनका क्षेत्रलाई समुचित र न्यायसंगत ढंगले उपयोग गर्ने, कृषक समूह, सहकारीलाई प्रोत्साहित गर्ने र भौतिक पूर्वाधार उद्योगको स्थापना गर्दै मानव सूचकाङ्कको विकास गर्न योजनावद्ध र एकिकृत ढंगले अगाडि बढ्ने।
- ठूला पूर्वाधारका आयोजना निर्माण र स्तरोन्नति, स्थानीय प्राथमिकताका क्षेत्र र आयोजनामा विधि सम्मत र कानून सम्मत तरिकाले साझेदारी निकायहरुलाई आमन्त्रण गर्ने।
- कृषि, वनमा आधारित साना तथा लघु उद्योगहरुको स्थापना र संचालनमा विशेष ध्यान दिने र विभिन्न उत्पादन र रोजगारमा विशेष ध्यान दिई परनिर्भरतालाई घटाउने।
- नेपालको संविधान २०७२ मा मौलिक अधिकारको रुपमा प्रत्याभूत गरेका शिक्षा, स्वास्थ्य, रोजगार, खाद्य सम्प्रभुता, आवास जस्ता विषयलाई कानूनबनाई प्रभावकारी ढंगले लागु गर्ने,
- स्रोतसाधनको अधिकतम परिचालनद्वारा तीव्र आर्थिक वृद्धि हासिल गर्दै प्राप्त स्रोत साधनको न्यायोचित वितरण, आर्थिक, सामाजिक असमानता हटाउने, शोषण रहित समाजको निर्माण गर्दै समाजवादी अर्थतन्त्रको आधार खडा गर्ने।
- स्वतन्त्र, निष्पक्ष, मानवअधिकार, लैंगिक समानता, सामाजिक न्याय, समावेशी र समानुपातिक सिद्धान्तलाई आत्मसाथ गर्दै लोककल्याणकारी व्यवस्थालाई सुदृढ र दिगो बनाउँदै लैजाने।
- विकास निर्माणमा क्षेत्रीय सन्तुलन कायम गर्ने, पछाडि परेका क्षेत्र पहिचान गरी प्राथमिकतामा ल्याउने, गाउँपालिका गौरवका आयोजना छनौट गरी कार्यन्वयन गर्ने, विभिन्न कृषि पशुपालन पकेट क्षेत्रको ब्लक तथा पकेट क्षेत्रको स्तरोन्नति गर्ने, सूचना प्रविधिलाई थप सुदृढ गराउने, विपन्न परिवारलाई आयआर्जनका उपाय सुझाउने, स्वास्थ्य क्षेत्रको दिगो र प्रभावकारी व्यवस्थापन, विपद जोखिमको व्यवस्थापन गर्ने, आयुर्वेदको संरक्षण र विकास, श्रमको सम्मान गर्ने संस्कृतिको विकास, प्रविधिमैत्री शिक्षामा जोड, पारिवारिक र सामाजिक हिंसामा परेका व्यक्तिको पुनर्स्थापना र संरक्षण, स्थानीय पाठ्यक्रम निर्माण र पठनपाठन, अनुगमन मुल्यांकनलाई व्यवस्थित गर्ने।
- बजार, व्यापार व्यवसाय, औषधी पसल दैनिक उपभोग्य उत्पादित वस्तुको विक्रि वितरणमा हुने कालो बजारी, कृत्रिम अभाव लगायतका अपराधजन्य कार्यहरुको निरन्तर अनुगमन गरी गलत कार्य गर्नेलाई कारवाहीका लागि सिफारिस गर्ने।
- सुशासन प्रवर्द्धन र संस्थागत क्षमता विकास गर्ने।

**(ग) प्रमुख आधार क्षेत्रहरु**

१. सामाजिक विकास

२. पूर्वाधार विकास

३. आर्थिक विकास

४. वन, वातावरण तथा विपद् व्यवस्थापन

५. सुशासन तथा संस्थागत विकास

**(घ) प्राथमिकता**

- स्वास्थ्य, शिक्षा , सीपमूलक तालिम, प्रविधि र युवा तथा खेलकुद।
- कृषि तथा पशुपालन र सिंचाई क्षेत्रको व्यापक रुपान्तरण र स्वरोजगारी सिर्जना गर्ने।
- खानेपानी व्यवस्थापन, आधारभूत स्वास्थ्य तथा सरसफाई लाई व्यवस्थित गर्ने।
- पूर्वाधार विकास।
- लगानिमैत्री वातावरण।
- सुशासन, मानव संशाधन विकास र लक्षितवर्गको सशक्तिकरण।
- कला, सँस्कृति, ऐतिहासिक पक्षको संरक्षण।
- खेलकुद तथा अतिरिक्त क्रियाकलापलाई नवप्रवर्तन सँग सामन्जस्यता गर्ने।
- लैंगिक समानता, सामाजिक न्याय, समता तथा सामाजिक सुरक्षा कायम गर्ने।
- भूमिहिन र सुकुम्बासीलाई व्यवस्थित गर्ने।
- वन, वातावरण तथा विपद् व्यवस्थापन।
- पर्यटन, रोजगारी प्रबर्द्धन र गरिबी न्यूनीकरण।
- योजना, अनुगमन तथा मूल्याङ्कन र तथ्याङ्क व्यवस्थापन।
- दिगो विकास।
- अन्य विविध क्षेत्र।

**चालु आर्थिक वर्ष ०८२/८३ को समीक्षा**

**गण्डकी गाउँपालिकाद्वारा चालु आ. ब. २०८२/८३ मा भएका मुख्य उपलब्धिहरु:**

१. कुलबेशी–दलभञ्याङ सडक खण्ड १६७५ मि. प्रिमिक्स कार्पेट कालोपत्रे, बुट्टार–मकासिङ सडक खण्ड ६६२ मि., गैरीचौतारा–आँमडाँडा सडक खण्ड १६०० मि. गरि कुल ३.९३ कि.मि प्रिमिक्स कार्पेट कालोपत्रे सडक निर्माणकार्य सम्पन्न भएको ।

२. २ कि.मि पक्कि सडक ढलान र ६ कि.मि. पक्कि नाला निर्माण ।

३. गाउँ पालिका र प्रधानमन्त्री रोजगार म्यचिंग कार्यक्रम मार्फत २ कि.मि पक्कि सिढीबाटो निर्माण ।

४. सडक गुरुयोजना निर्माण भई सोको आधारमा गाउँपालिका भित्रका सबै सडकहरु वर्गिकरण भएको छ ।
५. गाउँपालिका अन्तर्गत सम्पूर्ण वडाहरुमा रु ५० लाखको वडा गौरवको आयोजना कार्यान्वयन निरन्तरता गरिएको छ। वडा गौरव अन्तर्गत वडाको मुख्य सडकलाई विशेष प्राथमिकतामा राखि काम गरिएको छ ।
६. कृषि उपजहरुको सहज ढुवानीको लागि आधुनिक प्रविधिमा आधारित विद्युतीय रोपवे निर्माण कार्य अगाडि बढाइएको छ।
७. पालिकाका विभिन्न वडाहरूमा कुल २,२०० मिटर नयाँ सिँढी बाटो निर्माण तथा पुराना बाटाहरूको मर्मत सम्भार सम्पन्न,
८. ग्रामीण यातायातलाई सहज बनाउन कुल २२० मिटर मोटर बाटो ढलान (PCC) कार्य सफलतापूर्वक सम्पन्न,
९. कृषि उत्पादनमा आधारित अनुदान कार्यक्रम अन्तर्गत हालसम्म ६५५ जना किसानहरुलाई कुल ४४,६०,३४०/- अनुदान रकम प्रदान गरिएको,
१०. मकै बाली पकेट कार्यक्रम अन्तर्गत श्री गोर्दीटार कृषि सहकारी संस्था लि. मा आबद्ध कृषकहरुलाई ६वटा मिनी टिलर, ३ वटा मकै छोडाउने मेशिन, ३६ वटा सिंचाई पोखरी र २३०० केजी प्राङ्गरिक मल वितरण बाट करिब ७५ जना किसान लाभान्वीत,
११. साना सिंचाई प्रबर्द्धन कार्यक्रम अन्तर्गत वडा नं ४ र ८ का गरि करिब १२ जना किसानलाई १७५० मीटर सिंचाई पाईप, २ वटा सिंचाई टयाङ्की र ३ वटा सिंचाई पोखरी वितरण गरिएको र सिंचाई कुलो निर्माणमा सामुहिक कृषि उत्पादक सहकारी संस्था लि. मार्फत ३ वटा कुलो निर्माण गरिएको,
१२. गण्डकी गाउँपालिकाको माटोको अवस्था पहिचान गर्न र बालीमा लाग्ने रोग तथा किराको नियन्त्रण गर्न माटो तथा बाली उपचार शिविर मार्फत १५५ वटा माटोको नमुना संकलन तथा परिक्षण गरिएको र १० वटा बालीको नमुना संकलन गरि रोग तथा किराहरुको पहिचान र व्यवस्थापन गरिएको,
१३. पालिका भित्रका २० जना कृषकहरुलाई १५ दिने मिनी टिलर मर्मत तालिम मार्फत कृषकहरुको क्षमता अभिबृद्धि गरिएको,
१४. मध्य पहाडी मकै बाली प्रबर्द्धन कार्यक्रम मार्फत २४ वटा मिनी टिलर, १२ वटा स्प्रे पम्प र १ वटा मकै छोडाउने मेशिन ३७ जना कृषकहरुलाई वितरण गरिएको,
१५. प्राङ्गारिक मल उत्पादन तथा प्रयोगलाई विस्तार गर्न ९ वटा सुधारिएको कम्पोष्ट मल संरचना निर्माण,
१६. कृषिमा आधुनिकिकरण र यान्त्रिकरण गर्न प्रत्येक वडामा कृषि औजार अन्तर्गत मिनी टिलर ६५ वटा, कम्बाईन राईस मिल २६ वटा, र स्प्रे पम्प १०७ वटा वितरण गरिएको ,

१७. सतह सिंचाईको सुबिधा नपुगेको ठाउँमा आकाशे पानि सन्चित गर्न प्लाष्टिक पोखरी सिट २४ वटा वितरण गरिएको,

१८. संरक्षित घरभित्र तरकारी खेती प्रबर्द्धन गर्न पालिका भित्रका २२ जना कृषकलाई तालिमको व्यवस्था गरिएको र १९ वटा प्लाष्टिक टनेल वितरण गरिएको,

१९. पशुपन्छी जन्य उत्पादनमा आधारित अनुदान कार्यक्रम अन्तर्गत ७२९ जना कृषकहरुलाई १२ -७७८।,०१,रकम प्रदान,

२०. दुग्ध प्रवर्धन तथा आयआर्जन कार्यक्रमबाट १२३ जना कृषकहरुलाई सुत्केरी प्रोत्साहन भत्ता बापत ११०००,५०,।- रकम प्रदान,

२१. गरिबी निवारणका लागि बाख्रा पकेट कार्यक्रम अन्तर्गत १२५ वटा र वडा नं १ मा बाख्रा पैंचो अन्तर्गत १८ वटा बाख्रा पाठी वितरण,

२२. महामारीजन्य रेबिज रोग नियन्त्रणका लागि १९२ वटा सामुदायिक कुकुरहरुमा बन्ध्याकरण,

२३. पशु उपचार तथा औषधि वितरणका लागि सबै वडाहरुमा परजिवी नियन्त्रण तथा पशु उपचार शिविर सञ्चालन,

२४. वैदेशिक रोजगारीमा रहेका तथा बिदामा स्वदेश आएका कुल ६३ जना श्रमिक (५५ जना पुरुष र ८ जना महिला) लाई झन्झटरहित रूपमा पुनः श्रम स्वीकृति प्राप्त गर्न आवश्यक प्राविधिक तथा प्रशासनिक सहजीकरण प्रदान गरियो,

२५. स्थानीय कृषक, मजदुर तथा वैदेशिक रोजगारमा रहेका श्रमिकका परिवारलाई आर्जित आम्दानीको प्रभावकारी व्यवस्थापन, बचत गर्ने बानीको विकास, ऋण व्यवस्थापन तथा डिजिटल बैंकिङ सेवाको सुरक्षित र उचित प्रयोग सम्बन्धी वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरियो,

२६. वैदेशिक रोजगारीमा जान इच्छुक व्यक्तिहरूलाई सुरक्षित, व्यवस्थित र कानुनी प्रक्रियासम्बन्धी आवश्यक परामर्श प्रदान गर्नुका साथै विदेशबाट फर्किएका युवाहरूलाई स्वदेशमै कृषि, पशुपालन तथा अन्य उद्यमशील गतिविधिमा संलग्न भई स्वरोजगार बन्न अभिप्रेरित गरियो,

२७. नयाँ उद्यमी सिर्जना गर्ने उद्देश्यले लघु उद्यम विकास कार्यक्रमको मोडेल प्रारूप अनुसार उद्यमशीलताका लागि सामाजिक परिचालन, उद्यमशीलता विकास तालिम तथा प्राविधिक सीप विकास तालिम सञ्चालन गरी २० जना लघु उद्यमी कृषकहरूलाई लाभान्वित गरियो । जसमा पुरुष ४ जना र महिला १६ जना रहेका छन्,

२८. सम्भाव्य उत्पादनको उत्पादकत्व तथा बजार प्रतिस्पर्धात्मकता वृद्धि गर्नका लागि कम्तीमा ५ जनाको समूहमा आधारित प्रविधि हस्तान्तरण कार्यक्रम सञ्चालन गरियो,

२९. गरिब घरपरिवार पहिचान गरी राज्य सुविधा परिचयपत्र उपलब्ध गराउने उद्देश्यले गरिब घरपरिवार व्यवस्थापन सूचना प्रणालीमार्फत तथ्याङ्क सङ्कलन कार्य भइरहेको छ,

३०. राष्ट्रिय रुपमा नै कुपोषणको समस्यालाई निराकरण गर्ने कार्यलाई सामाजिक ,आर्थिक तथा मानवीय विकाशका साथै दिगो विकास लक्ष्य प्राप्त गर्ने आधारको रुपमा लिईएको सन्दर्भमा

२०९ जना सुत्केरी हुनु भएका महिलाहरुलाई पोषणयुक्त खाद्य वस्तु एवं आहार ब्यबस्थापनको लागि मासिक रु ४०००/- का दरले ६ महिनासम्म वितरण गरिएको छ,

३१.खोज र खोप भन्ने मूल नारालाई अंगीकार गर्दै १६ महिना देखि ५ बर्ष मुनिका ५४४ जना बालबालिकाहरुलाई आ.ब. २०८२/०८३ मा पूर्ण खोप पाएको सुनिश्चित गरि मिति २०८३/०२/२६ गते पालिकालाई बिभिन्न जनचेतनामुलक कार्यक्रम सहित पूर्ण खोप युक्त गाउँपालिका घोषणा भएको र आगामी दिनमा दिगोपना कायम गर्ने समेत प्रतिबद्धता गरिएको ।

३२.गण्डकी गाउँपालिका भित्र मातृ मृत्युदर सुन्य कायम गर्न ,घरमा सुत्केरी हुने दर सुन्य बनाउनका लागि र सुत्केरी अबस्थाको जटिलतालाई मध्यनजर गरि १२७ जना सुत्केरी महिलाहरुले निशुल्क एम्बुलेन्स सेवा लिएका छन्,

३३.गर्भावस्थामा र सुत्केरी अबस्थामा हुन सक्ने सम्भावित जोखिमलाई ब्यबस्थापन गर्न र दिर्घरोगीहरुलाई औषधि उपचार खर्चमा सहायता होस् भन्ने हेतुले गर्भवती र दीर्घरोगीहरु गरि १४८ जना लाई निशुल्क स्वास्थ्य बिमा गरिएको छ,

३४.८ वटा स्वास्थ्य सस्था तथा १६ वटा सामुदायिक स्वास्थ्य इकाई मार्फत जम्मा १४९८९ जना नयां सेवाग्राही र ३०७८९ जना (नयाँ +थप ) सेवाग्राहीलाई निशुल्क आधारभूत स्वास्थ्य सेवा प्रदान गरिएको छ,

३५.दीर्घरोगीहरुलाई मासिक ५००० का दरले औषधि उपचार खर्च उपलब्ध गराउने कार्यविधि २०७८ बमोजिम समयमा दीर्घरोगीहरुको व्यक्तिगत बैंक खातामा EFT मार्फत १०० जनालाई भुक्तानी गरि औषधि उपचारमा सहायता प्रदान गरिएको छ,

३६.महिलाहरुमा हुन सक्ने पाठेघर मुखको क्यान्सरको उच्च जोखिमलाई मध्यनजर गरि समयमा रोकथाम तथा नियन्त्रण होस् भन्ने हेतुले कक्षा ६ मा अध्ययनरत किशोरीहरुलाई मिति २०८२ फागुन २६ गते देखि २९ गते सम्म अभियान संचालन गरि १६० जना किशोरीहरुलाई HPV बिरुद्धको खोप प्रदान गरिएको छ,

३७.महिलाहरुमा हुन सक्ने पाठेघर मुखको क्यान्सरको उच्च जोखिमलाई मध्यनजर गरि समयमा निदान गरि रोकथाम तथा नियन्त्रण संगै उपचार होस् भन्ने हेतुले ३० बर्ष माथिका ३०३ जना महिलालाई निशुल्क पाठेघरको मुखको क्यान्सर पहिचान गर्ने एकीकृत स्क्रिनिग सिबिर मार्फत सेवा प्रदान गरिएको छ,

३८.आधारभुत स्वास्थ्य सेवालाई थप ब्यबस्थित तथा प्रभाबकारी बनाउने कार्यक्रम अन्तर्गत स्वास्थ्य सस्थामा औषधि अभाब हुन नदिन त्रैमासिक रुपमा औषधि वितरण गर्ने गुरुयोजना तयार गरि कार्यान्वयन गरिएको छ,

३९. राष्ट्रपति रनिङ शिल्ड तथा अध्यक्ष कप फुटबल प्रतियोगिता सफलतापूर्वक सञ्चालन गरी विद्यालयस्तरीय खेलकुद प्रतिभाको पहिचान, विकास तथा प्रतिस्पर्धात्मक खेल संस्कृतिको प्रवर्द्धन गरिएको छ,

४०. श्री तोमनडाँडा माध्यमिक विद्यालय, श्री विजयाभवानी माध्यमिक विद्यालय तथा श्री ज्ञानमार्ग माध्यमिक विद्यालयमा सिमान्तकृत चेपाङ तथा विपन्न समुदायका विद्यार्थीहरूका लागि छात्राबास व्यवस्थापन तथा सञ्चालन गरी शैक्षिक पहुँच, निरन्तरता र सिकाइ उपलब्धिमा सहयोग पुऱ्याइएको छ,

४१. शिक्षा क्षेत्रको योजना, व्यवस्थापन, गुणस्तर सुधार तथा विद्यालयका समसामयिक विषयहरूमा समन्वय र सहकार्य अभिवृद्धि गर्न गाउँ कार्यपालिका, वडा शिक्षा समिति तथा विद्यालय व्यवस्थापन समितिबीच वडागत छलफल तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको छ,

४२. नौ वटा माध्यमिक विद्यालयका कक्षा दशमा Career अभिमुखीकरण, लोकसेवा तयारी सम्बन्धी जानकारी, अध्ययन सीप विकास तथा मनोसामाजिक परामर्श कार्यक्रम सञ्चालन गरी विद्यार्थीहरूको शैक्षिक, व्यावसायिक र व्यक्तिगत क्षमता विकासमा सहयोग पुऱ्याइएको छ,

४३. विद्यालय सूचना व्यवस्थापन प्रणाली(EMIS) सम्बन्धी शिक्षक तथा सम्बन्धित कर्मचारीहरूलाई तालिम प्रदान गरी विद्यालयका सम्पूर्ण शैक्षिक तथ्याङ्क समयमै अद्यावधिक, अभिलेखीकरण तथा व्यवस्थापन गर्ने कार्यलाई प्रभावकारी बनाइएको छ,

४४. विद्यार्थी तथा शिक्षकहरूको सुरक्षित खानेपानीमा पहुँच अभिवृद्धि गर्ने उद्देश्यले ८ वटा विद्यालयमा स्मार्ट पानी परियोजना सञ्चालन गरी स्वच्छ खानेपानी व्यवस्थापन गरिएको छ ।

४५. शिक्षण-सिकाइमा उत्कृष्ट योगदान पुऱ्याउने शिक्षक तथा शैक्षिक उपलब्धिमा उत्कृष्ट नतिजा हासिल गर्ने विद्यार्थीहरूलाई सम्मान गरी उनीहरूको मनोबल अभिवृद्धि तथा गुणस्तरीय शिक्षाप्रति उत्प्रेरणा प्रदान गरिएको छ ।

४६. मावि तहका विद्यालयहरूमा वैकल्पिक ऊर्जा व्यवस्थापनमार्फत सूचना प्रविधि प्रयोग, प्रशासनिक कार्य तथा शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी बनाउन इन्भर्टरको व्यवस्था गरिएको छ ।

४७. विद्यालय तहमा विद्यार्थीको नियमित उपस्थिति, सिकाइ निरन्तरता तथा शैक्षिक पहुँच सुनिश्चित गर्न दिवा खाजा, निःशुल्क पाठ्यपुस्तक, स्यानिटरी प्याड, प्रति विद्यार्थी अनुदान तथा विद्यालय सञ्चालन खर्चसम्बन्धी अनिवार्य कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन गरिएको छ ।

४८. गण्डकी गाउँपालिकाबाट हालसम्म प्रकाशित ऐन, नियमावली, कार्यविधि, निर्देशिका, नीति तथा मापदण्ड लगायत १३० भन्दा बढी कानुन निर्माण गरिएको छ। साथै, चालु आर्थिक वर्षमा १० वटा कार्यविधि तथा विधि निर्माण गरी प्रकाशन गरिएकोछ,

४९. न्यायिक समिति अन्तर्गत चालु आर्थिक वर्षमा दर्ता भएका विवाद ७ वटा फछ्र्यौट भएका छन्,

५०. लैङ्गिक हिंसा विरुद्ध १६ दिने अभियान अन्तर्गत लैङ्गिक हिंसा अन्त्य, बालविवाह, बहुविवाह तथा जातीय विभेद अन्त्य सम्बन्धी जनचेतनामूलक कार्यक्रम संचालन गरिएको,

५१. महिला, सीमान्तकृत तथा दलित समुदायका युवा—युवतीहरूका लागि लोकसेवा तथा अन्य तयारी कक्षाहरू सञ्चालन गरी सम्पन्न गरिएको,

५२. अपाङ्गता भएका व्यक्तिहरूलाई आवश्यकता अनुसार अपाङ्गता सहायता सामग्री खरिद तथा वितरण कार्यक्रम सम्पन्न गरिएको,

५३. गाउँपालिका भित्र दर्ता भएका महिला समूहका पदाधिकारीहरूलाई डिजिटल साक्षरता सम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गरी सम्पन्न गरियो ।

५४. एकल महिलाहरूको जीवनस्तर सुधारका लागि बाख्राका पाठा/पाठी खरिद तथा वितरण कार्यक्रम सम्पन्न गरिएको,

५५. गाउँपालिका सदरमुकाम र मुख्य राजमार्ग जोड्ने विभिन्न वडाहरू अन्तर्गत सडकहरु मर्मत सम्भार गरि समयमै यातायात सुचारु गरिदै आइएको छ ।

५६. हावा हुरी, आगलागी जस्ता विपदबाट गाउँ पालिकाभरि घर गोठ पूर्ण तथा आशिक क्षति भएका परिवारहरुलाई आर्थिक राहत वितरण गरिएको छ ।

५७. गाउँपालिकाद्वारा गरिने हरेक गतिविधिलाई मितव्ययी एवं व्यवस्थित बनाउन गण्डकी गाउँपालिकाको आफ्नै खर्च मापदण्ड तयार गरि लागू गरिएको छ।

५८. कर्मचारीहरुलाई कार्यविवरण सहित कार्य सम्पादनमा जिम्मेवार बनाइएको छ ।

५९. कर्मचारीको बिदा काज एवं अन्य व्यक्तिगत विवरणलाई ई हाजिरी प्रणालीमार्फत व्यवस्थित बनाइएको छ ।

६०. सफ्टवेयर जडान गरि राजख लेखांकन र प्रतिबेदन प्रणालीलाई व्यवस्थित गरिएको छ ।

६१. सम्पूर्ण आर्थिक कारोबारलाई EFT प्रणालिमा लगि सेवाहीहरूलाई पालिकासम्म आउनु पर्ने बाध्यताको अन्त्य गरिएको छ।

६२. राष्ट्र बैंक निर्देशिका बमोजिम को खाता संचालन गरि आर्थिक कारोबार लाई पारदर्शी एवं व्यवस्थित गरिएको छ ।

६३. गाउँपालिकाको सबै आर्थिक कारोबारहरू विद्युतिय लेखा प्रणाली SuTRA र CGAS मार्फत अभिलेखिकरण गरिएको छ।

६४. सबै घटना दर्ता अनलाइनमार्फत डिजिटल अभिलेखिकरण गरिएको छ ।

६५. सूचना संचार प्रविधि अन्तर्गत गाउँ पालिकाको वेवसाइट अद्यावधिक गरि कानुन, प्रतिबेदन, योजना, सुचनाहरू नियमित रुपमा अपलोड गर्ने र चलनचल्तीका मुख्य सामाजिक संजाल मार्फत सूचना सम्प्रेसण गरि सेवा प्रवाहमा प्रभावकारिता ल्याउने प्रयास गरिएको छ।

६६. कार्यालयको आन्तरिक नियन्त्रण प्रणालीलाई व्यवस्थित गर्न जिन्सी निरीक्षण तथा अनुगमन मुल्यांकन र नियमनलाई प्रभाकारी बनाइएको छ।

६७. जनताको सूचनाको हकलाई पूर्ण रुपमा कार्यान्वयन गर्ने गराउने प्रयास स्वरूप उजुरी, गुनासो फछ्यौट तथा गाउँपालिकाका गतिविधि र सूचनाहरुलाई दैनिक मासिक तथा चौमासिक रुपमा स्वतःप्रकाशन (Proactive) Disclosure) गर्ने गरिएको छ। गाउँपालिकामा सूचना अधिकारी एवं प्रवक्ताको व्यवस्था गरि सूचनाहरु सम्प्रेषण गर्ने गरिएको छ।

**सभा सदस्यज्यूहरू,**

अब भने म यस गण्डकी गाउँपालिकाले आर्थिक वर्ष २०८२/८३ मा विकास निर्माण तथा सेवा प्रवाहका लागि अबलम्बन गर्ने प्रमुख नीतीहरुको बारेमा जानकारी गराउन चाहन्छु :

**गण्डकी गाउँपालिकाले आगामी आ.व. २०८३/०८४ मा अवलम्बन गर्ने प्रमुख नीतिहरुः**

**(१) सामाजिक विकास :**

**(क) शिक्षा**

१. विद्यार्थी सङ्ख्या, भूगोल, औचित्यता एवं आवश्यकतालाई मध्यनजर गरी **"एक वडा एक माध्यमिक विद्यालय"** को नारालाई साकार पार्न प्रोत्साहनमूलक कार्यक्रमहरुमार्फत विद्यालय एकीकरण तथा शिक्षक दरबन्दी समायोजनलाई अभिप्रेरित गरिनेछ । आवासीय विद्यालयको अवधारणालाई मुर्तरुप दिदै यसको विकास एवं व्यवस्थापनको लागि थप प्रभावकारी कार्यक्रमहरु सन्चालनमा ल्याइनेछ । साथै निर्मित शैक्षिक संस्थाहरुको आवश्यकताअनुसार मर्मतसम्भारको व्यवस्था मिलाइनेछ ।

२. पठन संस्कृतिलाई प्रवर्द्धन गरी विद्यालय शिक्षाको गुणस्तर सुधार गर्न **"सिकाउनका लागि पढौं"** अभियान सञ्चालन गरिनेछ । गाउँपालिका अन्तर्गतका विद्यालयहरुको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न प्रविधिमैत्री शिक्षण सिकाई एवं रुपान्तरणमा जोड दिदै **"डिजिटल गण्डकी डिजिटल शिक्षा"** लाई मुर्त रुप दिइनेछ ।

३. गण्डकी गाउँपालिकाभित्रको विभिन्न आयाम तथा क्षेत्रमा अनुसन्धान गर्ने कार्यमा संलग्न हुने वैज्ञानिक, अनुसन्धानकर्ता एवं विद्यार्थीलाई आकर्षित एवं प्रोत्साहन गरिनेछ ।

४. शिक्षकलाई आधुनिक सूचना प्रविधिसँग अभ्यस्त र अद्यावधिक गराउन **"प्रविधिसँगै शिक्षक"** अभियान सञ्चालन गरिनेछ । आजका वालवालिकाहरु सुनौलो भविश्यका कर्णधार भएकोले उनीहरु भित्र शुषुप्त अवस्थामा रहेको प्रतिभालाई प्रस्फुटित गर्दै अगाडी वढाउदै लगिने विविध कार्यक्रमहरु सन्चालनमा ल्याइनेछ ।

५. प्रारम्भिक वालविकास केन्द्रलाई व्यवस्थित र नतिजामूलक बनाई राष्ट्रिय मापदण्ड अनूरुप रुपान्तरण गर्न वालविकास सहजकर्ताको क्षमता विकास, प्रोत्साहन र उत्प्रेरणामा सहजीकरण गरिनेछ ।

६. स्थानीय भाषा, धर्म संस्कृतिको जगेर्ना गर्दै स्थानीय रितिरिवाज, भौगोलिक अवस्थिति आदिको अध्ययन गर्ने र वालवालिकाहरुमा स्थानीय विषयको जानकारी गराउने उद्देश्यले स्थानीय भाषामा पाठ्यक्रम तयार गरी अनिवार्य पठन पाठनको व्यवस्था मिलाइनेछ। चेपाङ जातीको भाषा र संग्रहालय विकासका लागि विशेष कार्यक्रम सन्चालनमा जोड दिइनेछ ।

७. **“विद्यालय बाहिर रहेका सम्पूर्ण वालवालिका विद्यालय भित्र”** भन्ने नारा सहित विद्यालय भर्ना अभियानमा सम्पूर्ण वालवालिकालाई विद्यालय प्रवेश कार्यक्रमहरु सन्चालनमा ल्याइने छ । शैक्षिक प्रशासनमा सुशासन एवं प्रभावकारिताको लागि सम्पूर्ण विद्यालयमा विद्युतीय हाजिरीलाई अनिवार्य गरिनेछ ।

८. **“स्वास्थ्य र अनुशासनको लागि खेलकुद"** भन्ने मुल मर्मलाई आत्मसाथ गर्दै विभिन्न खेलकुद सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

९. शैक्षिक गुणस्तर सुधार्न विद्यालय, शिक्षक, विद्यार्थी एवं अभिभावक केन्द्रीत एवं नविनतम प्रविधमैत्री कार्यक्रमहरू आयोजना गरिनेछ ।

१०. हरेक विद्यालयमा सुरक्षित स्वच्छ र सुरक्षित खानेपानीको व्यवस्था गरिनेछ।

११. शैक्षिक गुणस्तर सुधारको लागि अभिभावकको पहिलो हुने भएकोले अभिभावक शिक्षा लाई जोड दिइनेछ।

**(ख) स्वास्थ्य तथा पोषण**

१२. सुत्केरी महिलाहरुको स्वास्थ्य पोषण स्थितिलाई दृष्टिगत गर्दै प्रत्येक सुत्केरी महिलाहरुलाई सुत्केरी पछि ६ महिनासम्म सुत्केरी पोषण खर्च बैङ्क मार्फत उपलब्ध गराउने कार्यक्रमलाई निरन्तरता दिइनेछ । होम डेलीभरी शुन्य नीतिलाई थप प्रभावकारी बनाउदै लैजान विशेष कार्यक्रमहरु सन्चालनमा ल्याइनेछ ।

१३. पालिकाका सबै वडाहरूबाट निःशुल्क, सर्वसुलभ र गुणस्तरीय आधारभूत स्वास्थ्य सेवाको व्यवस्था मिलाइनेछ । नेपाल सरकारले निःशुल्क वितरणका लागि तोकेका औषधी तथा स्वास्थ्य सामाग्री नियमित आपूर्तिको सुनिश्चितता गरिनेछ । पालिका भित्र प्रत्येक वर्ष पूर्ण खोप सुनिश्चितता गरिनेछ ।

१४. सरुवा रोग लगायतका महामारी नियन्त्रण तथा रोकथाम गर्न संस्थागत क्षमता अभिवृद्धि गर्दै विपद् जोखिम न्यूनीकरणका लागि पूर्व तयारी कार्यक्रम सञ्चालन गरिनेछ । जनसंख्या, भूगोल

र सेवा उपलब्धताको आधारमा स्वास्थ्यसंस्थाहरुको पुनर्संरचना गरी सेवाको विस्तार गरिनेछ ।

१५. महिला स्वास्थ्य स्वयमसेविकाहरुको पहिचान तथा स्वाभिमान उच्च हुने गरी विभिन्न प्रोत्साहनमुलक कार्यक्रम सञ्चालन गरिनेछ । महिला स्वास्थ्य स्वयमसेविकाले पुयाएको योगदानको कदर गर्दै क्षमता अभिवृद्धि लगायतका तालिमहरु संचालन गरिनेछ । स्वास्थ्य सेवामा हुने आर्थिक जोखिम न्यूनीकरण गर्न गर्भवती महिला, दिर्घ रोधी तथा अति बिपन्न वर्गलाई निशुल्क स्वास्थ्य बिमा गर्न जोड दिईनेछ ।

१६. पालिका अन्तर्गतका सबै स्वास्थ्य संस्थाहरूबाट दिइने सेवाको विवरणलाई डिजिटल प्रविधिसँग जोडिनेछ । आधुनिक उपकरणहरुको माध्यमबाट प्रारम्भिक स्वास्थ्य परिक्षण गराउने नीति लिईने छ ।

१७. आयुर्वेद तथा वैकल्पिक चिकित्सा पद्धतिलाई स्वास्थ्य सेवाको मूलधारमा एकीकरण गरिनेछ । समुदायको सहभागितामा योगाभ्यास र स्थानीय जडीबुटीहरूको उत्पादन, प्रशोधन, प्रयोग, प्रवर्द्धन गर्न कार्यक्रम सञ्चालन गरिनेछ। आयुर्वेद स्वास्थ्य सेवालाई थप व्यवस्थित र पहुँचयोग्य बनाउन घुम्ति सेवा विस्तार गरिनेछ ।

१८. सुनौलो हजार दिनका सदस्य भएको विपन्न परिवारको आय आर्जन र उद्यमशीलता विकासको लागि उद्यमशी तालिम सञ्चालन गरिनेछ । पोसिलो खाना बनाउने विधि र खाद्य स्वच्छता सम्बन्धमा विद्यालय व्यवस्थापन समिति अभिभावक शिक्षक संघ शिक्षक र सहयोगी कर्मचारीको क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ ।

१९. स्वास्थ्य सुधारका कार्यक्रमका साथै आयुर्वेदिक र योग स्वास्थ्य सम्बन्धी कार्यक्रमहरु आयोजना गरिनेछ ।

२०. गर्भवती महिला नवजात शिशु तथा बालबालिकामा देखापर्ने कुपोषणको दरमा न्यूनीकरण गर्दै मातृमृत्यु तथा शिशु मृत्युदरमा कमि ल्याउन पोषण प्रवर्द्धन लगायतका कार्यक्रमहरु आयोजना गरिनेछ।

**(ग) खानेपानी तथा सरसफाई**

२१. **"पिउने पानी पहुँचमा स्वच्छता र शुद्धता, एक घर एक धारा" गण्डकी गाउँपालिकाको प्रतिवद्धता"** भन्ने नाराका साथ पानीको स्रोत पहिचान गरी स्वच्छ सुरक्षित, सर्वसुलभ र दिगो खानेपानी योजना निर्माण तथा सरसफाई सेवामा आम नागरिकको पहुँच स्थापित गरिनेछ । पिउने पानीमा सबैको पहुँचमा सुनिस्चितता गरिनेछ।

२२. **"गाउँ सफा राखौं : स्वस्थ बनौ"** भन्ने मान्यताका साथ घरगाउँ सरसफाई अभियान सञ्चालन गरिनेछ।

२३. खानेपानी स्रोतको दिगोपना तथा सरसफाईका लागि मुहान संरक्षण, मुहान वरिपरी वृक्षारोपण, मर्मत सम्भार, साना आयोजना निर्माण, ढल निकास, डम्पिङ्ग साइट निर्माणका कार्यलाई सामाजिक कार्यमा आधारित रही जनसहभागितामा संचालन गरिनेछ ।

२४. आधारभुत र स्वच्छ खानेपानीको सुनिश्चितता गर्न खानेपानिको मुहान संरक्षणमा जोड दिइनेछ । साथै सबै मुहानको सर्वेक्षेण गरी लगत राखिने छ।

२५. प्रत्येक बजार तथा बस्तिहरुमा आवश्यकता अनुसार फोहोर संकलन गर्न डस्ट बिनको व्यवस्था तथा सार्वजनिक शौचालयको निर्माण गर्न जोड दिइनेछ।

**(घ) सामाजिक, सास्कृतिक, भाषा, साहित्य, कला, संस्कृति तथा सम्पदा**

२६. भाषा, साहित्य, सङ्गीत कला तथा संस्कृतिको संरक्षण सम्बर्द्धन र विकास गर्न अध्ययन, अनुसन्धान प्रशिक्षणमा जोड दिँदै विभिन्न विधाहरूमा प्रतियोगिता सञ्चालन गरिनेछ । लोक साहित्य, सङ्गीत, भाषा, नाटक जस्ता विधाहरूको संरक्षण, विकास र प्रवर्द्धन सहित श्रव्यदृश्य सामाग्रीको सङ्कलन, निर्माण तथा प्रचारप्रसार गरिनेछ ।

२७. पालिका भित्रका लोपोन्मुख भाषा, लिपि, कला र संस्कृति लगायत विभिन्न जातजातिका मौलिक पक्षको जगेनी गरी सांस्कृतिक पर्यटन विकासमा जोड दिइनेछ । स्थानीय रुपमा उपलब्ध संस्कृति, भाषा र परम्परालाई संरक्षण एवं पुस्तान्तरण गर्न आवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

२८. गण्डकी गाउँपालिका भित्र रहेका ऐतिहासिक, साँस्कृतिक सम्पदा, लोक कला, साहित्य र संस्कृतिको प्रवर्द्धन गर्दै साँस्कृतिक कलाकर्मीहरुलाई उचित किसिमले प्रोत्साहन गरिनेछ ।

२९. स्थानीय मातृभाषा, कला, संस्कृति, भेषभुषा, सृजनशिलता, रितिरिवाज, चाडपर्व आदिको संरक्षण तथा सम्वर्द्धन गरिनेछ।

३०. समाज विद्यमान असल परम्परागत अभ्यास तथा प्रचालित कानूनहरुलाई अध्ययन गरी स्थानीय तहको कानूनमा समावेश गर्ने प्रयास हुनेछ।

३१. यस गाउँपालिका भित्र प्रचलित सबै धर्म, जातजाति, भाषाभाषि र धार्मिक समुदायका परम्परा, रितिरिवाज लगायत घाटु, सोरठी, रोधी, कौरा, झ्याउरे, वालन भजन, पञ्चेवाजा जस्ता लोपोन्मुख संस्कृतिहरुका साथै विभिन्न धर्मवलम्बीहरुको आस्थाको केन्द्रको रुपमा मठमन्दिर, गुम्बा, चैत्य, मस्जिद, चर्च, पुजाघरहरुको संरक्षण, सम्वर्द्धन र प्रवर्द्धन गरिनेछ।

३२.चेपाङ संग्राहालयको ऐतिहासिक तथा पुरातात्विक महत्वका सम्पदाको खोज अन्वेषनमा जोड दिने र यसतर्फ लाग्ने व्यक्ति तथा समूहलाई प्रोत्साहित गरिनेछ ।

३३.सहिद स्मृतिपार्क निर्माण सम्पन्न गरी जनयुद्ध लगायतका आन्दोलनका शहिदहरुको नामावली लेखन, संरक्षण र सम्बर्द्धन गरिनेछ ।

**(ङ) युवा, खेलकूद तथा तथा नवप्रवर्तन**

३४. **"राष्ट्रको लागि खेल, स्वास्थ्यको लागि खेल"** भन्ने नारा लाई व्यवहारमा कार्यान्वयन गरी खेल मार्फत मनोरञ्जन, तन्दुरुस्ती र आर्थिक आयआर्जन गर्ने वातावरण श्रृजना गरिनेछ।

३५. भैरविटारमा रहेको खेलकुद मैदान र मकैसिङमा रहेको खेलकुद मैदानलाई गाउँपालिका स्तरीय रंगशालाको रुपमा योजनावद्ध निर्माण गरिनेछ । साथै **एक वडा, एक खेल मैदान** निर्माण लाई प्रोत्साहन गरिनेछ।

३६. खेल क्षेत्रका कामलाई प्रोत्साहित गरी क्रिकेट, फुटबल, भलिबल, ब्याडमिन्टन, एथलेटिक्स लगायत खेलका लागि खेलकूद मैदान निर्माणको व्यवस्था गरिनेछ।

३७. युवाहरुलाई आवश्यकता अनुसार खेलकूद सामग्री, तालिम तथा रोजगारी सिर्जना गर्ने विभिन्न गतिविधिहरुमा लगानी गरिनेछ ।

३८. स्थानीय युवा परिषद् सम्बन्धी कानुन निर्माण गरी युवा वर्गमा देखिएका समस्या समाधान गर्ने पहल गरिनेछ।

३९. जिल्ला, प्रदेश, राष्ट्रिय स्तरका खेलकुद प्रतियोगितामा गाउँपालिकाको प्रतिनिधित्व गरी पदक जिताउने खेलाडीलाई सम्मान तथा पुरस्कृत गरिनेछ।

४०. युवाहरुलाई सक्षम, सबल र श्रम बजारमा स्वरोजगार हुने किसिमका तालिमहरुको व्यवस्था गरिनेछ ।

४१. अध्यक्षकप फुटवल लाई निरन्तरता दिइनेछ।

४२. लागु औषध, जाँडरक्सी, जुवातास जस्ता विकृति विसंगतिबाट युवालाई मुक्त गर्ने गरी चेतना मूलक कार्यक्रम संचालन गरिनेछ ।

४३. विभिन्न दुर्घटना, उदार, निर्माणका काममा युवा जनशक्ति प्रयोग गर्ने नीति लिइनेछ।

४४. समयानुकुल युवा र नवप्रवर्तनलाई समानजस्यता तथा आन्तरिकिकरणमा विशेष कार्यक्रमहरु संचालन गरिनेछ।

## (च) लैंगिक समानता, सामाजिक न्याय, समावेशीकरण र सामाजिक सुरक्षा

४५. महिलाहरुलाई कुनै पनि पेशामा निर्वाद रुपमा लाग्ने र समान कामको समान ज्याला उपलब्ध गराउने वातावरण श्रृजना गरिनेछ ।

४६. अपाङ्ग परिचय पत्रको आधारमा सामाजिक सुरक्षा भत्ता तथा सीपमुलक तालिमको व्यवस्था गरिनेछ साथै रोजगारी सृजनाको लागि पहल गरिनेछ।

४७. सबै प्रकारका बालश्रम अन्त्य गरिनेछ ।

४८. सामाजिक कुरीति र कुसंस्कार विरुद्ध कानूनी र सचेतना मार्फत सामाधानमा जोड दिइनेछ ।

४९. बालविवाह, बहुविवाह, जाँडरक्सी, जुवातास, बोक्सी, धामी, जादुटुना, लागु पदार्थ ओसार पसार, महिला बेचविखन लगायतका गैरकानुनी कार्यको अन्त्य गर्न चेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

५०. लघु उद्योगको विकास गरी महिला, दलित तथा सीमान्तकृत समुदायको लागि स्वरोजगारको व्यवस्था गरिनेछ ।

५१. दलितहरु माथि हुने सवै प्रकारका छुवाछुत र भेदभावको पूर्ण उन्मुलन गरी सामाजिक सदभावयूक्त सभ्य समाज निर्माण गरिनेछ ।

५२. महिलाहरुको आर्थिक, सामाजिक सशक्तीकरणका लागि व्यवसायिक सीप विकास तथा उत्पादनशिल विकासका कार्यक्रम संचालन गरिनेछ ।

५३. एकल महिलाको सम्मान र आत्मनिर्भरताको लागी उद्यमशिलता र विभिन्न तालिमको व्यवस्था गरिनेछ।

५४. दलित, अल्पसंख्यक तथा सिमान्तकृत समुदायको परम्परागत व्यवसाय तथा पेशाको संरक्षण र उनिहरुको उत्थानको लागि विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ।

५५. महिलाहरुलाई स्वरोजगार बनाउन सीपमूलक तालीम संचालन गरी आय आर्जनमा आत्म निर्भर बनाउने तिर जोड दिने ।

५६. संघीय सरकारले उपलब्ध गराउने जेष्ठ नागरिक भत्ता यथासमयमै बडा कार्यालय बाट उपलब्ध गराइनेछ । गाउँपालिकाबाट थप सम्मान कार्यक्रम अगाडि बढाइनेछ ।

५७. बालवालिकाको पोषण र शिक्षामा विशेष ध्यान दिइनेछ । असहाय असक्त वालवालिकाको संरक्षण र शिक्षामा ध्यान दिइनेछ ।

५८. जेष्ठ नागरिकका अनुभव, ज्ञान, सीपको कदर गर्दै समाज मियो स्थापित गरी उहाँहरुका जटिल समस्या सामाधान तिर ध्यान दिइनेछ ।

५९. दिवसहरुमा सम्बन्धीत विषयवस्तुमा अन्तरक्रिया तथा विभिन्न कार्यक्रम संचालन गरिनेछ।

६०. अपाङ्गता भएका व्यक्तीहरुको वस्तुनिष्ठ वर्गीकरण गरी अपाङ्गता परिचय पत्रलाई समयमा नै उपलब्ध गराइनेछ । अपाङ्गता परिचयपत्र र जेष्ठनागरिक परिचयपत्रलाई डिजिटल प्रणालिमा आवद्ध गर्दै लगिनेछ ।

६१. आजको विश्व वजारमा बढदो रुपमा रहेको प्रविधिको उपयोगलाई बालवालिकाहरु सामु सुरक्षित र सहि ढंगले प्रयोगमा ल्याउन साइवर सुरक्षा सम्बन्धी विविध कार्यक्रमहरु ल्याइने छ । महिलाहरुलाई विश्व परिवेश अनुकुल अगाडी वढाउन आधुनिक डिजिटल प्रणाली मोवाइल बैंकिङ्ग, ईन्टरनेट, वालेट जस्ता आधुनिक प्रविधिहरूको प्रयोगमा विस्तार गरिदै लगिनेछ ।

६२. युबाहरुलाई शिक्षण तथा सरकारी सेवा तर्फ आकर्षित गर्न गत विगत देखि सन्चालनमा रही आएको शिक्षक सेवा तथा लोकसेवा तयारी कक्षालाई निरन्तरता दिदै थप प्रभावकारी कार्यक्रमहरु ल्याइने छ । जेष्ठ नागरिक सहमिलन कार्यलाई प्रभावकारी ढंगबाट कार्यान्वयनमा ल्याउन जोड दिइनेछ । समाजमा प्रेरणाको रुपमा लामो समयसम्म समाजमा मिलेर वसेका जोडीहरुको सम्मानका लागि विविध कार्यक्रमहरु सन्चालनमा ल्याइनेछ ।

६३. **"सानै छु बढ्न देऊ, बालविवाह होइन पढ्न देऊ"** भन्ने नारालाई सफल बनाउन नेपाल सरकारले सन् २०३० सम्ममा बाल विवाह मुक्त राष्ट्र बनाउने प्रतिवद्धता जनाएको हुँदा बाल विवाह मुक्त पालिका घोषणा गर्न बाल विवाह विरुद्धको कार्यक्रम अभियानका रुपमा सञ्चालन गरिनेछ ।

६४. व्यक्तिगत घटना दर्ता र सामाजिक सुरक्षा भत्ता वितरण प्रक्रियालाई सरलीकृत गर्दै सेवाग्राहीमैत्री एवं सर्वपहुँचयोग्य बनाइनेछ । व्यक्तिगत घटना दर्ता अभियान सञ्चालन गर्दै घटना दर्ता प्रक्रियालाई डिजीटल एवं प्रविधिमैत्री बनाइनेछ । शैक्षिक संस्थाहरूमा व्यक्तिगत घटना दर्ता सम्बन्धी सचेतना कार्यक्रम गरिनेछ ।

६५. सामाजिक सुरक्षा भत्ता वितरणमा राष्ट्रिय परिचयपत्र अनिवार्य गर्ने राष्ट्रिय नीतिलाई अवलम्बन गरिनेछ । सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीहरुको दर्ता नविकरण बायोमेट्रीक डिभाइसबाट गर्दै सामाजिक सुरक्षामा वितरणमा रहन सक्ने दोहोरोपनालाई निराकरण गरिनेछ ।

**(छ) सरकारी तथा गैह्र सरकारी संघ, संस्था, समन्वय तथा परिचालन**

६६. गण्डकी गाउँपालिका क्षेत्रभित्र स्थानिय सरकारको नीति कार्यक्रम र मापदण्ड भित्र रहि कार्यक्रम गर्न इच्छुक सरकारी तथा गैरसरकारी संघ संस्थाहरुसँग आवश्यक समन्वय गरी आकर्षित गर्ने नीति लिइनेछ ।

६७. कुनै पनि सरकारी गैरसरकारी संघसंस्था निकाय, क्षेत्र, विषयगत कार्यालयले गाउँपालिका भित्र, आयोजना, कार्यक्रम सञ्चालन गर्नुपूर्व गाउँपालिकाको स्वीकृति लिने, गाउँपालिकाको नीति तथा कार्यक्रम अनुरूप आयोजना वा कार्यक्रम संचालन गर्नुपर्ने व्यवस्थालाई स्थानीय सरकार कार्यविधि बनाएर कार्यक्रम कडाइका साथ लागु गरिनेछ।

६८. गैरसरकारी संस्था संचालन कार्यविधि समयसापेक्ष परिमार्जन गरि प्रभावकारी बनाइनेछ । योजना, बजेट तथा कार्यक्रम निर्माण र कार्यान्वयनमा एकद्वार नीति लिइनेछ । साथै सामाजिक क्षेत्रका सेवा प्रदायक संघसंस्थाहरूसँग कार्यसम्पादन करार गरी सोको कार्यान्वयन अवस्थाको निरन्तर नतिजामूलक अनुगमन र निरीक्षण गरिनेछ ।

६९. सरकार र सामुदायिक संस्थाबिचको समन्वय, सहकार्य र अन्तरसम्बन्धलाई उपलब्धिमुलक तुल्याउन, सबै संघ सस्थाहरुका बार्षिक कार्यक्रम पेश गर्न लगाइ कार्यक्रम कार्यन्वयन तथा समन्वय सम्झौता गरिनेछ । जसले गर्दा कार्यक्रममा रहने दोहोरोपनाको अन्त्य हुनेछ भने प्रभावकारी नियमन र अनुगमनमार्फत वास्तविक उपलब्धि हासिल हुनेछ । यसबाट संस्थागत अन्तरसम्बन्ध तथा समन्वयमा बढावा हुने हुदाँ संस्थागत आकर्षण र क्रियाशिलता बढ्ने अपेक्षा लिएको छु ।

**(ज) शहिद परिवार, वेपत्ता परिवार, घाइते योद्धाबारे**

७०. १० वर्षे महान जनयुद्ध र जनआन्दोलन, जेन्सी आन्दोलनका क्रममा शाहदत प्राप्त गर्ने शहिदहरुको स्मृति र सम्मान हुने विशेष कार्यक्रम संचालन गरिनेछ । फागुन १ गते जनयुद्ध दिवसको सन्दर्भमा गाउँपालिका भित्र कार्यक्रम संचालन गरिनेछ।

७१. शहिदका नामबाट पार्क, स्तम्भ खडा गरी इतिहासको संरक्षण गरिनेछ।

७२. शहिदका छोराछोरीलाई शिक्षा र रोजगारीका अवसरमा प्राथामिकता दिइनेछ ।

७३. घाइतेहरुको निःशुल्क उपचारगर्ने र छोराछोरीलाई निःशुल्क शिक्षाको व्यवस्था गरिनेछ ।

७४. शहिदहरुलाई सम्मान गर्ने संस्कृति निर्माण गर्ने, शहिदका जीवनी प्रकाशन गर्ने, शहिद परिवार सम्मान कार्यक्रम आयोजना गरीनेछ ।

## (२) आर्थिक विकासः

### (क) कृषि विकास

७५. कृषकलाई कृषि उत्पादनमा प्रोत्साहन गर्न उत्पादनमा आधारित अनुदान कार्यक्रमलाई निरन्तरता दिई विस्तारिकरण तथा प्रचार गरिनेछ । उत्पादनमा आधारित अनुदानलाई व्यवस्थित गर्न एवं सो को बारेमा तत्काल जानकारी प्राप्त गर्न (Real Time Tracking) को लागि डिजिटल प्रणाली प्रयोगमा ल्याइनेछ ।

७६. आयातित रासायनिक मल एवं विषादीको बढ्दो प्रयोग तथा सो को अवशेषबाट मानव स्वास्थ्य तथा वातावरणमा प सक्ने प्रतिकूल असरलाई न्यूनीकरण गर्दै स्वस्थ कृषि उपज उत्पादन, बजारीकरण र उपभोगमा वृद्धि तथा प्राकृतिक स्रोत साधनको संरक्षण, सम्वर्द्धन र सन्तुलित उपयोग गरी दिगो कृषि उत्पादन र वातावरण संरक्षण गर्न विषादी न्यूनीकरण, प्राङ्गारिक मल उत्पादन एवं अर्गानिक खेती प्रवर्द्धन सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

७७. प्राथमिकीकरण गरिएका तथा उच्च सम्भावना भएका बाली वस्तुको उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्न गुणस्तरीय उत्पादन सामाग्रीको उपलब्धता, सिँचाइ पूर्वाधार विकास, उन्नत प्रविधिको अवलम्बन र उत्पादनोपरान्तको क्षति न्यूनीकरणका लागि विशेष कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

७८. रैथानै तथा स्थानीय बाली र पशुपन्छीको संरक्षण, सम्बर्द्धन र प्रवर्द्धन एवं उपयोग सम्बन्धी कार्यक्रम प्राथमिकताका साथ सञ्चालन गरिनेछ । खाली र बाँझो जग्गामा स्थानीय जलवायु सुहाउँदो उपयुक्त प्रजातिको पकेट क्षेत्र पहिचान गरी फलफूल सहितको कृषि वन प्रणाली विकास गरिनेछ ।

७९. कृषि अनुसन्धान, प्रसार र शिक्षाको अन्तरसम्बन्धलाई मजबुत पार्न अनुसन्धानमा क्रियाशील निकायसँगको समन्वयमा कृषि क्षेत्रका समस्यामा आधारित विषयमा कार्यमुलक अनुसन्धान गरिनेछ । साथै कृषि तथा वन विज्ञान विश्वविद्यालय, अनुसन्धान तथा प्रसार निर्देशनालय अन्तर्गत गण्डकी गाउँपालिका वडा नं ७ मा अवस्थित कृषि विज्ञान केन्द्रसँगको समन्वय एवं सहकार्यमा कृषि विशेष कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

८०. भौगोलिक रुपमा उपयुक्त एवं सतह सिंचाई नपुगेका ठाउँमा आकाशे पानी सञ्चित गरी कृषि बालीमा सिंचाई प्रवन्ध मिलाउन वडा/वडामा संरक्षण पोखरी निर्माण कार्यक्रमलाई अगाडि बढाइनेछ ।

८१.कृषि क्षेत्रमा राष्ट्रिय तथा अन्तराष्ट्रिय रुपमा भएका असल अभ्यासहरूको आदानप्रदान एवं आन्तरिकीकरण गर्दै कृषि उत्पादन एवं उत्पादकत्व अभिवृद्धि गर्न नविनतम प्रविधि लक्षित गरी कृषक / कृषक समूहको क्षमता अभिवृद्धि एवं प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ ।

८२.माटो परिक्षणको आवश्यकता तथा महत्वबारे चेतना अभिवृद्धि गर्दै माटो परिक्षण सेवालाई प्रभावकारी बनाउन एवं कृषकको बालीमा लाग्ने रोग कीरा पहिचान, नियन्त्रण एवं व्यवस्थापन गर्न आवश्यकताको आधारमा शिविर एवं कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

८३.कृषि कर्मलाई सहज तथा उत्पादन लागत कम गर्न कृषि यान्त्रिकरणको महत्वलाई आत्मसाथ गर्दै कृषकको मागको आधारमा कृषि यान्त्रिकरण कार्यक्रम संचालन गरिनेछ । साथै उत्पादनमा प्रविधिलाई अपनत्व गराउन कृषि प्राविधिकहरुलाई समुदायमा परिचालन गरी कृषकहरुलाई घरदैलोमा सेवा प्रदान गरिनेछ ।

८४.बागवानी क्षेत्रमा आधुनिक प्रविधिको प्रयोगलाई प्रोत्साहन गर्न प्रोटेक्टेड हर्टिकल्चर प्रवर्द्धन कार्यक्रम संचालन गरिनेछ । साथै फलफुल खेतीको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न नयाँ वगैचा स्थापना र पुराना बगैचाको सुदृढीकरणमा कार्यमा जोड दिइनेछ ।

८५.कृषि तथा पशुपालनमा लागु गरिएको उत्पादनमा (तरकारी, सुन्तला, कफि, कोदो) आधारित अनुदान कार्यक्रम लाई थप विस्तारीकरण गरी बजेट बिनियोजन तथा प्रचार प्रसार गरिनेछ । कृषि उपजको बजारीकरण एवं व्यवसायीकरणको लागि आवश्यकवीनतम पूर्वाधार निर्माणलाई प्राथमिकता एवं निरन्तरता दिनेछ ।

८६.गण्डकी योगदान कोषको प्रभावकारी कार्यान्वयन मार्फत लक्षित वर्गविशेषको उत्थान एवं संरक्षण गरिनेछ ।

८७.पालिका तथा वडा मार्फत सम्न्चालन हुने लक्षित वर्ग विशेष अनुदान तथा वितरणकारी कार्यक्रममा गरिब घरपरिवार वर्गीकरण सम्बन्धी तथ्याङ्कलाई आधारको रुपमा लिइनेछ ।

८८.किसानहरुलाई सुधारिएको गोठ, मल खाडल र पिसाब संकलन गर्ने ट्यांकी निर्माण गर्न प्रेरित गरिनेछ ।

८९.किसानहरुलाई कृषि र पशुपंक्षी विमा कार्यक्रमलाई अनिवार्य गर्दै लगिनेछ।

९०.**"सरकारको अनुदान : कृषकको उत्पादन"** भन्ने मुल नाराका साथ गत वर्षको अनुभवको आधार, सहकारी तथा समुहहरुको सहयोगमा वडाहरुमा संकलनकेन्द्र मार्फत उत्पादनमुखी अनुदानलाई व्यवस्थित, निरन्तरता र कार्यान्वयन गरिनेछ।

९१.वर्षै भरी सिंचाइ सेवा उपलब्ध गराउनको लागी सार्वजनिक पोखरी, कुलो, कुवा, खोला, नदी, जस्ता प्राकृतिक जलस्रोतको संरक्षण गर्नुको साथै नयाँ प्रविधिमा आधारित सिचाई जस्तै थोपा सिंचाइ तथा प्लाष्टिक पोखरीको विस्तार, प्रवर्द्धन तथा विकास गरिने छ ।

९२.**"एक वड़ा : एक विशेष बाली"** अवधारणाको अवलम्बन गरी स्थानिय स्तरमा सम्भाव्य देखिएका वालीवस्तुहरुको पहिचान गरी त्यसमा आधारित औद्योगिक वस्तुको उत्पादनलाई प्रवर्द्धन गरिनेछ।

९३.**"सूचनाको पहुँचमा कृषक"** भन्ने मुल मन्त्रका साथ गाउँपालिका स्तरिय गठित कृषि संजाललाई व्यवस्थित बनाई कृषक संग नियमितरूपमा अन्तरक्रिया कार्यक्रम संचालन गरिनेछ ।

९४.गाउँपालिका भित्रमा उत्पादित कृषि उपज लाई विविधिकरण गर्न मुल्य श्रृङ्खलाको अवधारणा ल्याईनेछ ।

९५.अगुवा कृषकलाई अध्ययन अवलोकन भ्रमण, तालिम तथा उत्कृष्ट कृषकलाई पुरस्कारको व्यवस्था गरिनेछ ।

९६.स्थानिय उत्पादनको बजारीकरणको लागी घुम्ति हाट बजार, संकलन केन्द्र, कोसेलि घर तथा प्रदर्शनि स्थलको व्यबस्था गरिनेछ।

## (ख) पशुपंक्षी विकास

९७. पशुपंक्षीपालनलाई व्यवसायिकरण गर्दै कृषकलाई मासु, अण्डा एवं दुग्ध उत्पादनमा आत्मनिर्भर बनाई उत्पादन, उत्पादकत्व एवं आयआर्जनमा वृद्धि गर्न उत्पादनमा (मासु र अण्डा) आधारित अनुदानलाई निरन्तरता दिदै प्रचार प्रसारको माध्यमबाट पशुपालक किसानहरुमाझ पुज्याइनेछ ।

९८. दुग्ध उत्पादन वृद्दि गर्न र पशु प्रजनन जोखिन न्यूनिकरण गर्न सुत्केरी गाई भैसी प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिईनेछ।

९९. पशुपन्छी तथा मत्स्य व्यवसायमा हुने जोखिमहरूको आर्थिक सुरक्षण गर्दै यस्ता व्यवसायतर्फ कृषकलाई आकर्षण गरी कृषि क्षेत्रमा निजी तथा सहकारी क्षेत्रको लगानी सुरक्षित गर्न गाउँपालिका भित्रका पशुवस्तुहरुको लागि पशु विमा कार्यक्रम संचालन गरिनेछ ।

१००.सामुदायिक कुकुरहरुको सङ्ख्या नियन्त्रण एवं मानिस तथा पशुहरुमा प्राणघातक रेविज रोगको प्रकोप न्यूनीकरण गर्नको साथै सन् २०३० सम्ममा कुकुरको टोकाइबाट हुने रेविजबाट हुने मुत्युदरलाई शुन्यमा झार्ने सरकारको नीति अनुसार रेविज नियन्त्रणका लागि कुकुर बन्धाकरण तथा रेविज विरुद्ध खोप शिविर संचालन गरिनेछ ।

१०१.स्वस्थ्व पशु तथा स्वच्छ एवं गुणस्तरीय पशुजन्य उत्पादनमा वृद्धि गर्नका लागि परजिवी तथा रोगबाट न्यूनिकरण गर्न परिजिवी नियन्त्रण सम्बन्धी कार्यक्रम तथा आवश्यक औषधीउपचारको व्यवस्थापन गरिनेछ। साथै विभिन्न समयमा विपद् बाट हुने पशुपंक्षीजन्य क्षतिका लागि आवश्यक राहतको प्रवन्ध गरिनेछ ।

१०२.पशुपन्छी पालन व्यवसायको प्रवर्द्धन र संबर्द्धनको लागि पशु नस्ल सुधार तथा आहारा व्यवस्थापनका लागि बाँझो तथा बाँदर प्रभावित क्षेत्रमा घाँस उत्पादन गर्ने कार्यलाई प्रोत्साहन गरिनेछ। साथै वडामा रहेका पशु प्राविधिकहरुलाई तालिका बनाई वडाका हरेक बस्तीहरूमा परिचालन गर्दै किसानको घर दैलोमा सेवा विस्तार गरिनेछ ।

१०३.पशुपालनलाई आधुनिकिकरण, व्यवसायिकरण गर्दै उत्पादन र उत्पादकत्व वृद्धि गर्दै आयआर्जन तथा रोजगारीका थप अवसरहरु सिर्जना गरिनेछ।

१०४.पशुपालन व्यावसायलाई आधुनिक, प्रतिस्पर्धी, मर्यादित र वातावरण मैत्री बनाई पशुजन्य पर्दाथको आन्तरिक मागको आपुर्ति र आयात प्रतिस्थापन गर्दै क्रमश निर्यात प्रवर्द्धन गरिनेछ ।

१०५.पशु उत्पादन बढाउन पशु पोषणको कार्यक्रम तथा उत्पादन प्रोत्साहन गरिने छ भौगोलिक प्रकोप, माहामारी रोग र अन्य जोखिमबाट पशुपालक कृषकहरुलाई त्यस व्यावसायबाट हुने आर्थिक नोक्सानी र जोखिम न्युनिकरण गर्न २४ घण्टा पशु प्राविधिक र औषधिको व्यवस्था मिलाइनेछ साथै पशु बिमाका लागि जोड गरिनेछ ।

१०६.पशु नश्ल सुधार गर्ने,उन्नत जातको पशुपालन जोड दिई पशुपालक कृषकहरुलाई व्यावसायिक बनाउदै पशुपालनलाई कृषकको मुख्य आयआर्जनको स्रोतको रुपमा परिवर्तन गर्नेका लागि पशुवस्तुमा कृत्रिम गर्भाधारण कार्यक्रमलाई प्राथमिकता दिईनेछ ।

१०७.पशुवस्तुको अवस्था सम्बन्धि जानकारी लिई पशु विकासका लागि प्रभावकारी, भौगोलिक र कृषकहरुको आवश्यकता अनुकुल योजना बनाउन पशुवस्तुको विवरण तथा तथ्याङ्क संकलन गरिने छ ।

१०८.**"स्वस्थ मासु, स्वस्थ जिवन"** भन्ने नाराको प्रयोग गरी स्वास्थ्य मासु उत्पादनका लागि पशुमा लाग्ने रोगको उपचार तथा महामारी नियन्त्रणको लागी औषधी, पशु स्वास्थ्य शिविर तथा खोप कार्यक्रम गरिनेछ ।

**(ग) पर्यटन विकास**

१०९.गण्डकी गाउँपालिकाको आन्तरिक पर्यटन प्रवर्द्धनको लागि नयाँ पर्यटकीय गन्तव्यको पहिचान, पर्यटकीय उपजको विविधीकरण, होमस्टेको प्रवर्द्धन, पर्यटकको सेवा र सुविधाको विकास,

पर्यटकीय पूर्वाधार निर्माण र सो को डिजिटल नक्साङ्कनमार्फत प्रचारप्रसार गर्दै पर्यटनलाई आर्थिक विकास एवं रोजगारीसँग जोड्दै अगाडि बढाइनेछ ।

११०. गण्डकी गाउँपालिका वडा नं ६ स्थित भैरवी र वडा नं २ स्थित महादेवडाँडा लगायत मठमन्दिरको चिनारी दिदैं पर्यटन आगमन प्रवर्द्धन गर्दै आर्थिक समृद्धि हासिल गर्नको लागि क्रमशः **“VISIT BHAIRAVI"** र **"VISIT MAHADEVDANDA”** अभियान सञ्चालन गर्दै **“VISIT GANDAKI”** लाई स्थापित गरिनेछ ।

१११. साहसिक जलयात्राको विश्वविद्यालयको रुपमा समेत लिइने त्रिशुली नदीमा जलयात्रा याफ्टिङ प्रवर्द्धन गर्दै पर्यटन विकास गरिनेछ ।

११२. पर्यटन क्षेत्रको पूर्वाधार निर्माण गर्दै जाने कार्यलाई निरन्तरता दिइनेछ।

११३. पाथिस्वाँरा होमस्टे, रानिस्वाँरा होमस्टे, भैरवी मन्दिर, भैरविटार, भैरविथान मन्दिर, मुन्थला, बेनिगाउँ, बेनी संगम, सिद्ध गुफा, कौदि झरना, सहिद स्मृति भवन, चेपाङ संग्राहलय लगायत गाउँपालिका भित्र रहेका गुफा, मन्दिर, पुजा स्थलको पहिचान गरी सहित पर्यटनमैत्री प्रचार प्रसार गरिनेछ।

११४. कृषि पर्यटनको विकास गर्ने नीति अवलम्बन गरिनेछ ।

११५. संभावित स्थानहरुमा शहिद स्मृतिपार्क तथा पिकनिक स्पोटहरुको निर्माण गरिनेछ ।

११६. पर्यटकीय पदमार्गहरु, प्राकृतिक स्थलहरु तथा साँस्कृतिक सम्पदाहरुको अनुसन्धान, पहिचान, विकास तथा प्रचारप्रासार गर्न र बाह्य तथा आन्तरिक पर्यटन प्रवर्द्धन गरिनेछ।

११७. होम स्टे तथा स्थानिय होटलहरुमा स्थानिय उत्पादनबाट बनेका खाद्य पदार्थको प्रयोग गर्ने निति ल्याइनेछ।

### (घ) सहकारी, गरिवी निवारण तथा वित्तिय क्षेत्र

११८. गरिबी न्यूनीकरण, स्थानीय रोजगारी, उत्पादन तथा उद्यमशीलतामा सकरात्मक योगदान दिएका चुस्त दुरुस्त ढंगले सञ्चालित सहकारीलाई प्रोत्साहन गरिनेछ । हाल सहकारी क्षेत्रमा देखिएमा वेथिति, विसंगति, बचत अपचलन र ठगीलाई नियन्त्रण गर्न पालिकामा रहेका सहकारी संस्थाको तथ्याङ्क अद्यावधिक गरी प्रभावकारी नियमनको व्यवस्था गरिनेछ ।

११९. **"गाउँपालिका र सहकारीः उत्पादन र बजारीकरणमा साझेदारी"** भन्ने मान्यताका साथ सहकारी क्षेत्रमा रहेको सर्वसाधारणको बचत सुरक्षित गर्न अनुगमन र नियमनलाई प्रभावकारी बनाइनेछ । साथै सहकारीमार्फत कृषि उत्पादनको बजारीकरण गर्दै उत्पादनमा आधारित अनुदान कार्यक्रमलाई व्यवस्थित र प्रभावकारी बनाइनेछ ।

१२०. कृषि उपज सङ्कलन, भण्डारण र बजार पहुँच विस्तारका लागि कृषि एवं उत्पादनमा जाने सहकारीलाई प्रवर्द्धन गर्दै **"एक सहकारीः एक व्यवसायिक उत्पादन"** मार्फत, उद्योग तथा रोजगारी अभियान सञ्चालन गरिनेछ ।

१२१. सहकारी संस्थाहरूको प्रवर्द्धन र नियमनलाई थप प्रभावकारि बनाउन संघ र प्रदेश सरकारसँग समन्वय गरिनेछ । एकीकृत व्यवस्थापन सूचना प्रणाली (COPOMIS) मा सबै सहकारी संस्थाहरूलाई आवद्ध गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ । साथै सहकारी संस्थाहरूका लागि सहकारी शिक्षा तथा वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरिनेछ ।

१२२. सहकारीहरुलाई तालिम, अनुगमन, समन्वय र आवश्यक क्षमता विकासको नीति लिइनेछ।

१२३. **'गाउँगाउँमा सहकारी घरघरमा रोजगारी'** भन्ने नारालाई सार्थक तुल्याउन सहकारी मार्फत कृषि जन्य र वनपैदावरमा आधारित उद्योग स्थापना गरी रोजगारी श्रृजना गर्ने, साथै प्रत्येक वडामा शहिद परिवार, द्वन्द्वपीडित, अतिविपन्न, एकल महिलाहरुको सहकारी संस्थामा शेयर सुनिश्चित हुने व्यवस्था मिलाइनेछ ।

१२४. कृषि सहकारीहरुलाई प्रोत्साहन गर्ने नीति लिइनेछ ।

१२५. वित्तीय सहकारी मार्फत किसानहरुलाई सहुलियत व्याजमा ऋण उपलब्ध गराउन जोड दिईनेछ।

१२६. भुम्लिचोकमा रहेको कृषि विकास बैंक, सिउरीन्टारमा रहेको राष्ट्रिय बाणिज्य बैंक, कुरिनटारमा रहेको प्रभु बैंक र ग्लोवलको शाखालाई स्तरीय, सरल र छिटोछरितो सेवा प्रदान गर्नका लागि आवश्यक समन्वय तथा व्यवस्था गरिनेछ ।

१२७. वडा नं १ र २ लाई सहज हुनेगरी थप बैंक शाखा स्थापना जोड गरिनेछ ।

### (ङ) श्रम, रोजगार, उद्योग, व्यापार, व्यवसाय तथा उद्यम विकास

१२८. संविधान प्रदत्त न्युनतम रोजगारीको हक लाई प्रत्याभुत दिलाउन गण्डकी गाउँपालिकामा रहेको रोजगार सेवा केन्द्र लाई आन्तरिकीकरण र थप सुदृढीकरण गर्दै सो केन्द्र अन्तर्गत प्रधानमन्त्री रोजगार कार्यक्रम (PMEP), गरिवी निवारणका लागी लघू उद्यम कार्यक्रम (MEDPA), सुरक्षीत आप्रवासन परियोजना (SaMi), श्रम सम्बन्धी कार्य, सामाजिक सुरक्षा कोष कार्यक्रम, वैदेशीक रोजगार बोर्ड र कोष मार्फत सञ्चालित कार्यक्रम, युवा स्वरोजगार कार्यक्रम जस्ता युवा लक्षित रोजगारमुलक कार्यक्रमहरु रहने संगठन संरचना तयार पारि सञ्चालनमा ल्याइनेछ ।

१२९. स्वरोजगारमा संलग्न तथा वैदेशिक रोजगारीबाट फर्किएका युवाहरूले आर्जन गरेका ज्ञान र सिपलाई मान्यता प्रदान गर्न सिप परीक्षणलाई निरन्तरता दिँदै उद्यमशीलतालाई प्रोत्साहन गरिनेछ ।

१३०. युवामा सकारात्मक सोच, सीप, क्षमता र नेतृत्व विकासमा जोड दिदै पालिका भित्र उद्यम सञ्चालन गरिरहेका उद्यमीको प्रोत्साहनको लागी **"युवा उद्यमी सम्मान तथा प्रोत्साहन कार्यक्रम"** सञ्चालन गरिनेछ ।

१३१. **"आफ्नै सिप, आफ्नै कामः नखाऔं है खाडीको घाम"** भन्ने अभियान मार्फत युवा जनशक्तिलाई सीपमूलक तालिम, उद्यमसिलता विकास तथा प्रविधि सहितको स्वरोजगार हुन र स्थानीय कच्चा पदार्थमा आधारित लघु उद्योग सञ्चालन गर्न प्रोत्साहित गर्दै प्रतिभा पलायन तथा श्रम पलायन (Brain Drain & Muscle Drain) को समस्यालाई न्यूनीकरण गरिनेछ । वैदेशिक रोजगारीबाट प्राप्त भएको सीप, पूँजी, प्रविधिलाई आयआर्जन र उद्यमसँग जोडिनेछ। ग्रामीण क्षेत्रमा वृद्धिमुखी उद्यमशीलता र रोजगारी सिर्जनाका कार्यक्रम सञ्चालन गरिनेछ ।

१३२. आधुनिक प्रविधिको प्रयोग गरी स्थानीय रुपमा उत्पादन हुने मदिराको गुणस्तर वृद्धि गर्दै ब्राण्डिङ्ग एवं बजारीकरण गर्ने कार्यलाई प्रादेशिक कानुन बमोजिम अझै व्यवस्थित गर्दै अगाडि बढाइनेछ ।

१३३. आप्रवासी कामदार तथा तिनीहरूका परिवारको अधिकारको सुनिश्चितताका लागि संघ तथा प्रदेश सरकारसँग समन्वय तथा लागत साझेदारीमा सुरक्षित वैदेशिक रोजगार सम्बन्धी सूचना प्रवाह, सीप अभिवृद्धि, न्यायमा पहुँच वृद्धि गर्न, मनोसामाजिक परामर्श र वित्तीय साक्षरता लगायतका कार्यक्रमहरु सञ्चालन गरिने छ।

१३४. स्थानीय स्तरमा रोजगारी सिर्जना गर्न स्वरोजगार तथा रोजगारमुलक कार्यक्रमहरू सञ्चालन गरिने छ । उक्त कार्यक्रमहरूमा वैदेशिक रोजगारीबाट फर्केका आप्रवासी कामदारहरूको पहुँच सुनिश्चित गर्ने नीति लिइनेछ। जसको लागि वैदेशिक रोजगारीबाट फर्केका आप्रवासी कामदार तथा तिनका परिवारहरुलाई उद्यम स्थापना गर्न सहूलियत ऋण एवम् सीप तालिम लगायतका सहयोग प्रदान गर्नुका साथै सम्बन्धित कार्यक्रम तथा निकायहरुसँग पनि समन्वयात्मक तवरबाट सेवा प्रवाह गर्ने नीति लिईने छ।

१३५. विभिन्न व्यवसायलाई दर्ताको अनिवार्य दायरामा ल्याईनेछ।

१३६. खनिज, कृषि र वन पैदावरमा आधारित घरेलु तथा साना उद्योगहरुको स्थापना गरी रोजगारी र आयआर्जनमा बृद्धि गरिनेछ ।

१३७. कृषि, वन तथा घरेलु उद्योगहरु संचालन गर्ने युवाहरुलाई प्रोत्साहन स्वरुप अनुदान र पुरस्कारको व्यवस्था गरिनेछ।

१३८. बजार अनुगमन र नियमन प्रभावकारी गराइनेछ ।

१३९. हस्तकला र परम्परागत सिप तथा प्रविधिमा आधारित उद्यमशिलता प्रवर्द्धनको नीति लिइनेछ।

१४०. शैक्षिक तथा गैह्र शैक्षिक वेरोजगारहरुको लगत तयार गरिनेछ ।

१४१. वैदेशिक रोजगार सुरक्षित, मर्तादित तथा व्यवस्थित गराउन थप पहल गरिनेछ। गाउँपालिकावासीलाई विदेशमा काम लाग्ने सीप सिकाएर मात्रै वैदेशिक रोजगारीमा जाने वातावरण मिलाइनेछ। त्यसका लागि सुरक्षित आप्रवासन कार्यक्रमलाई थप व्यवस्थित गरिनेछ।

**(च) खानी तथा खनिज**

१४२. वातावरण प्रतिकुल असर नपर्ने गरी प्रचलित कानून बमोजिम बाताबरण प्रभाव मुल्याङ्कन गरी गाउँपालिका भित्र रहेका खोलानालाबाट ढुङ्गा, बालुवा उत्खनन् गरी बिक्री वितरण गर्न आवश्यक नीतिगत व्यवस्था गरिनेछ ।

**(३) पूर्वाधार विकास**

**(क) भवन, बस्ती, आवास तथा सहरी विकास**

१४३. सुरक्षित आवास सुविधा सबै नागरिकको अधिकार भएकोले सुलभ र सुरक्षित आवास निर्माणमा जोड दिइनेछ ।

१४४. सार्वजानिक तथा व्यवसायिक प्रयोजनका भवनहरु निर्माण गर्दा सुरक्षा सम्बन्धि मापदण्डलाई ध्यान दिइनेछ ।

१४५. गण्डकी गाउँपालिकाको भवन निर्माण मापदण्ड र आचारसंहिता कार्यान्वयनमा ल्याईनेछ।

१४६. गण्डकी गाउँपालिका भित्रका घरधुरी एकिन गरी गाउँपालिकाको सेवालाई प्रभावकारी रुपमा कार्यान्वयनका लागी घर नम्बर राख्ने कार्यक्रम संचालन गरीनेछ ।

१४७. चेपाङ, दलितवस्ती लगायतका घर निर्माण गर्न नसकेका विपन्न एवं असाहाय गरीव नागरिकलाई आवश्यक सहयोग निति लिईनेछ ।

१४८. अव्यवस्थित र असुरक्षित भवन र संरचनाहरु हटाई मापदण्ड अनुसार बनेका भवन र संरचनाहरुको नक्सा पासको प्रक्रिया कार्यान्वयन ल्याईनेछ।

१४९. गाउँपालिकाको प्रशासनिक भवनको पूर्णता तथा कर्मचारी आवासगृह निर्माणलाई विशेष प्राथमितामा राखिनेछ ।

१५०. विधुतिकरण भएका टोल बस्तीहरुमा जोखिमयुक्त प्रसारण लाईनलाई नेपाल विधुत प्राधिकरणसंगको समन्वय र सहकार्यमा व्यवस्थित गरीनेछ ।

**(ख) सडक, पुल तथा यातायात व्यवस्था**

१५१. **'समृद्धिको आधार आधुनिक भौतिक पूर्वाधार'** को नारालाई आर्थिक विकासको मूल नारा बनाइनेछ । विकसित भौतिक पूर्वाधार विना आर्थिक समृद्धि र जनजीवनमा सहजता असम्भव भएकोले सडक, खानेपानी, विद्युत, आवास तथा सहरीकरण, सार्वजानिक भवन जस्ता विषयमा उच्च प्रथामिकता दिइनेछ ।

१५२. गाउँपालिकाको सबै वडाहरुसम्म १२ महिना नै चल्ने गुणस्तरिय सडक स्तरोन्नती गरी निर्माण गरिनेछ।

१५३. सडक पुर्वाधार ढलान, कालोपत्रे गर्ने कार्यलाई तिब्र गतिमा निर्माण गरिनेछ।

१५४. वडा गौरवको कार्यलाई निरन्तरता दिईनेछ।

१५५. गौरवका योजना छनौट गर्दा गाउँपालिका केन्द्र देखि प्रत्येक वडामा पुग्ने सडक निर्माणलाई उच्च प्राथमिकतामा राखी गाउँपालिका तथा वडातहवाट वजेट तर्जुमा गरिनेछ ।

१५६. गाउँ सडक गुरुयोजना निर्माण गरिनेछ ।

१५७. बुट्टार-मकैसिङ-हटिया-साधिखोला-वतासे सडक, वडा नं २ कार्यालय-याङ्कदी-पुरानोगाउँ-इन्द्रेपानी भिर- छरुवा-घ्याप्रिङगाउँ-पातिस्वाँरा रिङरोड सडक, फिस्लिङ-दलभञ्ज्याङ-रानिश्वारा-फुजेल-कौदी -बतासे सडक, पल्लोटार-देविस्थानआपचौर-ज्यामिरेघाट कृषि सडक, आग्रिडाँडा-भैरविटार-छापगाउँ-कोटगाउँ-तेस्रे-धवादीघाट सडक, सिउरेनीटार-वेनिगाउँ-सानोदर्वुङ-दलभञ्ज्याङ सडक, सिउरेनीटार-ज्यामिरेघाट-कौदी-गढाई-बुट्टार-जुग्दी सडक लगायत वडा र पालिका जोड्ने सडकको स्तरोन्नतिको लागी प्रथामिकता दिईनेछ।

१५८. वडा भित्रका सबै सडकलाई बाह्रै महिना सञ्चालन गर्न सकिने गरी स्तरोन्नती गर्दै लगिनेछ।

१५९. गाउँपालिका भित्र सर्वसुलभ आवतजावतको लागि गुणस्तरीय र व्यवस्थित सार्वजनिक यातायात सञ्चालन गरिनेछ।

१६०. **विशिष्ट पहिचान र परिस्कृत मानवस्रोतको आधार : वडा/टोलमा स्तरीय सामाजिक पूर्वाधार"** भन्ने अभियान सञ्चालन गरिनेछ ।

१६१. पालिकामा हुने भौतिक पूर्वाधार निर्माण र लक्षित वर्गका कार्यक्रममा सम्बन्धित क्षेत्रका युवा तथा वेरोजगार व्यक्तिहरुलाई दक्षता र क्षमताको आधारमा संलग्न गराई स्वरोजगार गराउने नीति लिइनेछ ।

१६२. साना खोलामा झोलुङे पुल र गाडी जाने खोलामा मोटर पुल निर्माणमा पहल गरिनेछ ।

१६३. सडक सरसफाई, ढलनिकास र सडक सुरक्षामा विशेष ध्यान दिइनेछ

१६४. उपभोक्ता समितिको कार्य क्षमता, कार्य कुशलता अभिवृद्धि गर्न अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ।

१६५. स्थानीय संरचनाहरुको स्थानीय तथा परम्परागत कला, संस्कृति झल्को आउने विषयलाई प्राथमिकता दिइनेछ ।

१६६. वडाद्वारा प्राथमिकतामा राखिएका गाउँपालिका केन्द्र जोड्ने दिगो सडक पूर्वाधार एवं गाउँपालिका तथा वडा गौरवका सडक स्तरोन्नती सम्बन्धी आयोजना सन्चालन गरिनेछ ।

१६७. योजनाहरु कार्यान्वयन गर्दा प्याकेजमा तयार गरी विद्युतीय माध्यम मार्फत वोलपत्र आव्हान गरी निर्माण गर्ने परिपाटीको विकास गरिनेछ। योजनालाई दिगो रुपमा सन्चालन गरी व्यवस्थापन गर्न मर्मत संभारको आवश्यक पर्ने भएकोले मर्मत संभार कोषमा आवश्यक वजेटको व्यवस्था मिलाईनेछ ।

१६८. गण्डकी गाउँपालिकाको जटिल भुगोल रहेको वडा नं ६ हिक्लुङमा निर्माणाधिन विद्युतीय तरकारी ढुवानी रोपवेको निर्माणलाई निरन्तरता दिइनेछ ।

**(ग) जलस्रोत, विद्युत तथा स्वच्छ उर्जा**

१६९. जलविद्युत बाहेकका सौर्य उर्जा, गोवर ग्यास, बायोग्यास जस्ता वैकल्पिक विधि पनि प्रयोग गरिनेछ।

१७०. जलस्रोत लगायतका प्राकृतिक स्रोतको संरक्षण र संवर्द्धन गरिनेछ।

१७१. खेति योग्य जमिनमा कृषि उत्पादन बढाउनका लागि सङ्घ र प्रदेश सरकारको समन्वयमा सिंचाई आयोजनाहरु निर्माण तथा कृषि पूर्वाधार निर्माणमा जोड गरिनेछ ।

१७२. राष्ट्रिय गौरवको रुपमा रहेको १२०० मेघावाटको जलाशययुक्त जलविद्युत आयोजनाको लागि करिव जग्गा प्राप्त भइसकेको छ । यस अवस्थामा निर्माण प्रक्रियाले गति नपाउदा अझै मुआब्जा सम्बन्धी बाँकी काम अगाडि नबढ्दा जनसमुदायमा परेका समस्या र निराशालाई यथाशिघ्र सम्बोधन गर्नु पर्ने आवश्यकता छ। यस सन्दर्भमा तिनै तहको सरकार मध्ये हामीले गाउँपालिकाले खेल्नु पर्ने अभिभावकीय भूमिका पुरा गरिने छ । साथै डुवान क्षेत्रमा तत्कालिन अवस्थामा आवश्यक पर्ने पूर्वाधार, शिक्षा स्वास्थ्य र उत्पादनशील उर्वर

भूमिलाई कृषि उत्पादनका लागि सम्बन्धित सबै पक्षसंग समन्वय गरी वास्तविक कृषक लाई प्रोत्साहन गरिनेछ।

**(घ) सूचना तथा सञ्चार प्रविधि**

१७३. गाउँपालिकाका सबै विषयगत कार्यालयहरुमा काम प्रभावकारी तुल्याउन डिजिटल सेवा प्रवाहका लागि आवश्यक व्यवस्था गरिनेछ ।

१७४. मिडिया क्षेत्रका संयन्त्र मार्फत गण्डकी गाउँपालिका सरकारका गतिविधिको प्रचारप्रसार र सार्वजनिक सूचनाको जानकारी गराईने ।

१७५. गाउँपालिका तथा वडा कार्यालयहरुमा हस्तलिखित रुपमा संचालनमा रहेका सेवालाई सूचना प्रविधि मैत्री बनाउदै तालिमद्वारा कर्मचारी र जनप्रतिनिधिहरुको क्षमता विकासको लागि आवश्यक व्यवस्था मिलाइनेछ।

१७६. सूचना तथा सञ्चार प्रविधि पहुँच अपर्याप्त रहेका ग्रामीण तथा दुर्गम क्षेत्रहरुमा प्रविधिको विस्तारका लागि त्यहाँका वासिन्दाहरुलाई सूचना तथा सञ्चार प्रविधिका उपकरणमा सहज पहुँच पुऱ्याउनका लागि विशेष कार्यक्रम तर्जुमा गरी लागु गरिनेछ।

१७७. गाउँपालिका क्षेत्र भित्र रहेका सांस्कृतिक, धार्मिक तथा पर्यटकीय गन्तव्यहरुको प्रचारप्रसारका लागि सूचना प्रविधिको प्रयोग गरिने नीति लिइनेछ।

१७८. जनप्रतिनिधि तथा कर्मचारीहरुलाई सूचना तथा सञ्चार प्रविधि सम्बन्धी आधारभूत तालिम र अभिमुखिकरण कार्यक्रम सञ्चालन गरी सेवा प्रवाहलाई छिटोछरितो, चुस्त दुरुस्त, पारदर्शी बनाउन बजेट विनियोजन गरी कार्यक्रम सञ्चालन गरिनेछ।

१७९. इन्टरनेटको व्यापक प्रयोगसँगै सूचना तथा सञ्चार प्रविधि क्षेत्रमा साइवर सुरक्षा (Cyber Security) सम्बन्धि जनचेतना अभिवृद्धि कार्यक्रम गरिनेछ।

**(ङ) भू-उपयोग तथा व्यवस्थापन**

१८०. गाउँपालिकाको भू-उपयोग योजना तर्जुमा गरी लागु गरिनेछ र भूमिको वर्गीकरण योजनालाई व्यवस्थित रुपमा कार्यान्वयन गरिनेछ। नीजि र सरकारी कृषियोग्य भूमि बाँझो राखिने छैन।

१८१. लामो समयदेखि समाधान हुन नसकेको भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको समस्या समाधान गर्ने राष्ट्रिय भूमि आयोगसँग सहकार्य गरी यथार्थ लगत लिई जग्गाधनी प्रमाण पुर्जा उपलब्ध गराईनेछ ।

१८२. अति गरिब, एकल र सीमान्तकृत भूमिहीन परिवारको लागि आवास निर्माण र जीविकोपार्जनको कार्यक्रम सञ्चालन गरिनेछ ।

१८३. सडक निर्माणको परेको जमिनको लगतकट्टा गर्नका लागि प्रक्रिया अगाडी बढाइनेछ।

१८४. जमीन बाँझो राखेमा जरिवाना गर्ने नीति लिइएको छ भने बाँझो जमिन खेती गर्ने नितिलाई प्रोत्साहन दिने नितिलाई यथावत दिईनेछ ।

**(४) वन, वातावरण तथा विपद व्यवस्थापन**

**(क) बन, हरियाली र जैविक विविधता**

१८५. वनजंगलको नक्साङ्कन र संरक्षण गरिनेछ । त्यहाँ भित्र रहेका काठपात, रुखविरुवा, जडिवुटी र पशुपंक्षीको संरक्षणमा विशेष जोड दिइनेछ ।

१८६. डढेलो लगाउने संस्कृतिलाई निरुत्साहित गर्न आवश्यक दण्ड जरिवानाको निति लिइनेछ र त्यस्ता कार्य कोही कसैले गरेको सूचना दिनेलाई पुरस्कृत गरिनेछ ।

१८७. वन जंगलको संरक्षण र सदुपयोग गर्नको लागि जनचेतना अभिवृद्धि गर्ने खालका कार्यक्रमहरु सञ्चालनमा जोड दिइनेछ। वनजंगल भित्रका रुख विरुवा, काठपात, जडीबुटी, पशुपंक्षीको संरक्षण र सदुपयोग गर्नमा जोड दिइनेछ।

१८८. वनडढेलो लाग्नबाट जोगाउनको लागि र डढेलो लगाउने ब्यक्ति पत्ता लगाइ कानूनको दायरामा ल्याउन सामुदायिक वन उपभोक्ता समितिहरुको क्षमता विकास गरी जिम्मेवार बनाइनेछ ।

१८९. वन सम्पदा, जैविक विविधता र जलाधार क्षेत्रको संरक्षण मार्फत विपद जोखिम न्यूनीकरणका उपायहरु अवलम्बन गरी सो क्षेत्रको उत्पादन र उत्पादकत्वमा स्थानीय नागरिकहरुलाई समाहित गरी आय आर्जन बृद्धि गरिनेछ ।

१९०. **एक सामुदायिक वन एक उद्यम**को नीतिलाई विकास गरिनेछ।

१९१. **"सुन्दर र हरियाली सडक"** को नारालाई अङ्गीकार गर्दै स्थानीय पिच सडक किनारको दायाँवायाँमा वृक्षारोपण गरि सडकको सौन्दर्यतामा अभिवृद्धि गरिनेछ ।

१९२. सामुदायिक वनको सूचीकरण र नीजि वन दर्ता प्रक्रियालाई अगाडि बढाइनेछ । सार्वजनिक जग्गामा रहेको वनलाई संरक्षण एवं व्यवस्थापन गर्दै सो को दिगो उपयोग गरिनेछ ।

**(ख) भू-संरक्षण र जलाधार व्यवस्थापन**

१९३. बनसम्पदा, जैविक विविधता र जलाधार सम्पदाको संरक्षण मार्फत विपद न्यूनिकरणका उपाय अवलम्बन गरी सो क्षेत्रको उत्पादन र उत्पादकत्वमा स्थानीय नागरिकहरुलाई समाहित गरी आयआर्जन वृद्धि गरिनेछ । साथै सिँचाईयुक्त पोखरी निर्माण कार्यलाई निरन्तरता दिईनेछ।

१९४. भू-क्षय हुन सक्ने उच्च जोखिम भएका क्षेत्रमा भू-संरक्षण योजना निर्माण गरी लागु गरिनेछ ।

१९५. गण्डकी गाउँपालिकाको खोलाले कटान हुने र बाढीको उच्च जोखिम भएका स्थानमा तटबन्धको व्यवस्था गरिनेछ ।

**(ग) वातावरण तथा फोहोरमैला व्यवस्थापन**

१९६. **सफा र सुन्दर गाउँ, गण्डकी लाई हराभरा बनाउँ** भन्ने नाराका साथ कार्य योजना बनाई कार्यक्रमहरुको कार्यान्वयन गरिनेछ ।

१९७. गाउँ टोलको सरसफाई र फोहोरमैला ब्यवस्थापनको लागि टोल सुधार समितिको ब्यवस्था गरी जिम्मेवार बनाइनेछ।

१९८. फोहोरमैला ब्यवस्थापनका लागि सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरी तोकिएको स्थानमा फोहोरमैला ब्यवस्थापन गरिनेछ।

१९९. प्रत्येक बजार तथा बस्तीहरुमा आवश्यकता अनुसार फोहोर संकलनको ब्यवस्था मिलाइनेछ र सार्वजनिक शौचालयको निर्माण गरिनेछ ।

२००. **"गाउँ सफा राखौ, स्वस्थ बनौ"** भन्ने नाराका साथ घरगाउँ सरसफाई अभियान सञ्चालन गरिनेछ।

**(घ) विपद् व्यवस्थापन तथा जलवायु उत्थाननशिलता**

२०१. विश्वव्यापी रुपमा प्रभाव परिरहेको जलवायु परिवर्तनका असरलाई न्यूनिकरण गर्ने र प्रकृति संग अनुकूलित हुने उपायको खोजी गरी जीवन पद्धतिलाई सरल र सहज तुल्याइनेछ ।

२०२. विपदको पूर्व तयारी तथा प्रतिकार्य योजना र विपद् व्यवस्थापन कोष निर्माण गरी खोज तथा उद्धार, राहत वितरण, पुनःसंरचना आदि कार्यलाई व्यवस्थित तुल्याइनेछ ।

२०३. विपद सम्बन्धि सबै चक्रको आंकलन तथा लेखाजोखा गरी स्थानीय सरकार, प्रहरी, सेना, नागरिक समाज, रेडक्रस लगायत विभिन्न संघसंस्थासंग समन्वयात्मक सहकार्यमा विपद प्रतिकार्य सम्बन्धी कार्यक्रम संचालन गरिनेछ ।

२०४. वन क्षेत्रमा रहेका मुल तथा पानीका मुहानहरु सुक्न नदिइ सो को संरक्षणको लागि सामुदायिक वनसँगको साझेदारीमा रिचार्ज पोखरी निर्माणको कार्यको थालनी गरिनेछ ।

२०५. स्वच्छ वातावरणमा बाँच्न पाउने संवैधानिक हक प्रत्याभूत गराउन निजी क्षेत्र, नागरिक समाज र अन्य सरोकारवालासँग सहकार्य गर्दै वातावरण संरक्षण, प्रदुषण नियन्त्रण, प्लाष्टिक लगायतका प्रदुषक तत्वको प्रयोग न्यूनीकरण, फोहोरमैलाको श्रोतमै वर्गीकरण एवं व्यवस्थापन र हरियाली प्रवर्द्धनका कार्य सञ्चालन गरिनेछ ।

२०६. **"विपद्बाट बचौं उत्थानशील समाज निर्माण गरौं"** भन्ने नारालाई आत्मसात् गर्दै विपद् सचेतना, विपद प्रतिकार्य तथा जोखिम न्यूनीकरण सम्बन्धी योजना तथा कानून निर्माण/ अद्यावधिक, विपदसम्बन्धी सिप तथा क्षमता विकास र कृत्रिम अभ्यास कार्यलाई सहभागितामूलक

बनाउँदै विपद् सचेतना र सुरक्षालाई संस्कृतिकै रुपमा विकास गरिनेछ । साथै विपद पूर्वतयारी तथा सो को प्रतिकार्य प्रक्रियालाई योजनाबद्ध, प्रभावकारी, व्यवस्थित र परिणाममुखी बनाउन स्थानीय आपतकालीन कार्यसञ्चालन केन्द्रको स्थापना गरिनेछ । जलउत्पन्न विपद् तथा नदी कटानका कारण जोखिममा रहेका मानव बस्ती तथा कृषियोग्य जमिनको संरक्षण गर्न तटबन्ध निर्माण कार्य गरिनेछ ।

२०७. मानव-वन्यजन्तु द्वन्द्वको न्यूनीकरण गर्नका लागि प्रवर्द्धनात्मक, उपचारात्मक र निरोधात्मक उपायहरू अवलम्बन गरिनेछ । बाँदर, बँदेल, दुम्सीलगायत वन्यजन्तुबाट कृषिबालीमा हुने क्षति न्यूनीकरण गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

२०८. जलवायु अनुकुलित एवं उत्थानशील कृषि प्रणाली, स्वास्थ्य व्यवस्थापन, पूर्वाधार निर्माण (IEE & EIA), जैविक बिबिधता, जलश्रोत जस्ता क्षेत्रलाई टेवा पुग्ने कार्यक्रमहरु सञ्चालन गरिनेछ।

**(५) सुशासन तथा संस्थागत विकास**

**(क) स्थानीय सेवा तथा जनशक्ति व्यवस्थापन**

२०९. प्रत्येक वर्षमा गाउँपालिकाबाट गरिएको खर्चहरुको जनअनुमोदन गराउन सवै सरकारवालाको उपस्थितिमा सार्वजनिक सुनुवाई तथा जनलेखा परिक्षण गरिनेछ ।

२१०. **"सेवा लिने घरघरबाट, सरकारी काम प्रविधिबाट"** भन्ने मूलमन्त्रका साथ प्रविधिमैत्री गाउँपालिका निर्माण गरी एकिकृत सफ्टवेयरबाट करप्रणाली, बजार निगरानी, नक्शा डिजिटीलाइजेशन गरिनेछ ।

२११. गाउँपालिका भित्रका सवै वडा कार्यालयहरुमा छिटोछरितो प्रभावकारी सेवा प्रवाह गरिनेछ। अनियमितता, ढिलासुस्ती, भष्टाचार र विकृतिका विरुद्ध निरुत्साहित गर्न नियमित, अनुगमन, निर्देशन र आवश्यक कार्यविधि तयार गरी कार्यान्वयन गरिनेछ ।

२१२. शान्ति सुरक्षा अमन चयन कायम गर्न विशेष कार्ययोजना निर्माण गरी लागु गरिनेछ । अन्य विषय विगतका नीति तथा कार्यक्रममा पारित भए अनुसार गरिनेछ ।

२१३. निजामती सेवा ऐन र नियमावली बमोजिम कर्मचारीले आचारसंहिता र आचरण पालना नगरेमा सो बमोजिम सजाय गरिनेछ।

२१४. सक्षम र विस्वसनीय न्यायप्रणाली, शासकीय सुधार, पारदर्शिता, जबाफदेहिता, सदाचार र प्रविधिमा आधारीत चुस्त सेवा प्रवाह नै भ्रष्टाचार रहित सदाचार युक्त समाज निर्माणको आधार हो । हाम्रो उदेश्य भनेको सार्वजनिक निकायका काम कारबाहिलाई पारदर्शिता, जबाफदेहि, सदाचार युक्त र प्रविधि मैत्रि बनाई जनसहभागिता र जन विश्वासमा अभिवृद्धि गर्नु हो ।

२१५. हाम्रा रणनीतिक विकास आयोजनाको कार्यान्वयनमा आईपर्ने समस्याहरुलाई हल गर्न योजना कार्यन्वयनको बस्तुनिष्ठ समयतालिका निर्माण र लागु गरिनेछ ।

२१६. कुनै पनि रुपमा सार्वजनिक स्रोतको उपयोग हुने कार्यमा अनियमित बिल बिजक जारी तथा पेश गर्ने र किर्ते कागजात तयार गर्ने गराउने कार्यलाइ सार्वजनिक अपराधकै रुपमा लिइनेछ भने त्यस्तो संस्था वा व्यक्तिसँग कुनै कारोबार गरिने छैन कानुन बमोजिम कारबाहीको प्रक्रिया अगाडी बढाइनेछ । त्यस्तो कार्यमा दवाव दिने कार्यलाइ मतियारको रुपमा लिइ कानूनी कारबाही गरिनेछ ।

२१७. जनतासँग अन्तरक्रिया कार्यक्रमलाइ निरन्तर रूपमा कार्यतालिका बनाइ सञ्चालनमा ल्याइनेछ साथै प्रत्येक चौमासिक रूपमा सार्वजनिक निकायले गरेका कार्यहरू सार्वजनिक गर्नुपर्ने प्रावधानलाइ कडाइका साथ लागु गरिनेछ ।

२१८. स्थानीय सरकार संचालन ऐन, २०७४ अनुसारको गाउँपालिका स्तरीय अनुगमन समिति क्रियाशिल बनाई अनुगमन कार्य प्रणालीलाई चुस्तदुरुस्त बनाएर प्रभावकारी रुपमा सम्बन्धित योजनाको धरातलमा पुगी निर्मित वस्तुको ठोस विश्लेषणका आधारमा अनुगमनको पाटोलाई जनअनुमोदन बनाई भुक्तानीको प्रक्रिया अगाडि बढाइनेछ। जिम्मेवारी प्राप्त अधिकारी जिम्मेवार भई नापजाच तथा मूल्यांकनमा यर्थाथ चित्रण गर्नुपर्ने व्यवस्थालाई कडाइका साथ लागु गरिनेछ ।

२१९. सुरुमा बस्तीस्तरबाट योजना माग गर्ने, आएका योजनाका सम्भाव्यताका अध्ययन छलफलद्वारा निर्णय गरी सोका आधारमा बजेट सहितको प्राविधिक लागत इष्टिमेट तयार गरी काम सुरु गर्ने, काम सुरु गर्नु पहिले लागत बजेट सहितको होर्डिङ बोर्ड स्थापना सहितको पहिलो अनुगमन, काम भइरहेको विचको अवस्थामा दोस्रो अनुगमन, काम सम्पन्न भए पश्चात अन्तिम अनुगमन तथा मुल्यांकन गरे पश्चात सामाजिक लेखा परिक्षण पछि लिखित अनुगमन प्रतिवेदन उपर छलफल, गाउँपालिका अध्यक्षाको परामर्श प्रतिवेदन अनुमोदन गरी भुक्तानी प्रक्रिया अगाडि बढाइनेछ ।

२२०. विकास निर्माण क्षेत्रका जटिलताको हल गरी समयसीमा भित्र कार्यसम्पादन सहजीकरण गर्न समस्या सामाधान समिति निर्माण गरी कार्यान्वयनमा सहजीकरण गरिनेछ ।

२२१. गण्डकी गाउँपालिका भित्रका निकायका कार्यहरुलाई थप दिगो र प्रभावकारी बनाउन स्थानीय तह सरकारले विभिन्न सुझाव संकलनका माध्यमबाट सरकारको कार्यप्रणालीमा थप सुधार गरिनेछ ।

२२२. गाउँपालिका / वडामा कर्मचारी न्यून भई कार्यसम्पादन गर्न कठिन भई करारद्धारा पदपूर्ति गरी कार्य संचालन हुँदै आएकोमा तोकिएको पदमा स्थायी पदपूर्ति भए पश्चात् औचित्य र आवश्यकताको आधारमा करार कर्मचारीहरु विस्थापित गर्दै लगिने छ ।

२२३. गाउँपालिकाको दरबन्दी बमोजिम कर्मचारीको पदपूर्तिको सम्बन्धमा सम्बन्धित निकायमा माग गरिने छ र दरबन्दी रिक्त हुन साथ नियमानुसार सम्बन्धित निकाय ( मन्त्रालय / लोकसेवा आयोगमा) पदपूर्तिको लागि मागको आकृति फाराम पठाईनेछ ।

२२४. गाउँपालिका अन्तरगत वडा नं. १ देखि ८ सबै वडाका वडा कार्यालयहरु, विद्यालय तथा स्वास्थ्य संस्थाहरुमा E-हाजिरी, CCTV जडान तथा सबै वडाहरुलाई सूचना प्रविधिमैत्री बनाईदै लगिनेछ ।

२२५. खर्च गर्ने अख्तियारी र खर्चको कार्यविधि स्थानीय सरकार संचालन ऐन, २०७४ एवं प्रचिलत आर्थिक ऐन बमोजिम हुनेछ ।

२२६. समय सापेक्ष नागरिक वडापत्रको अध्यावधिक गरि स्वास्थ्य संस्था, वडा र गाउँपालिका कार्यालयमा राखिनेछ ।

२२७. उजुरी पेटिका सबै वडाहरु र गाउँपालिका कार्यालयमा राखिनेछ ।

२२८. गाउँपालिका भित्रका सबै कार्यालयहरुमा सूचना अधिकारी तथा गुनासो सुन्ने अधिकारीको व्यवस्था गर्दै लगिनेछ ।

२२९. सार्वजनिक निजि साझेदारी सम्बन्धी नीतिगत व्यवस्था गरी कार्यान्वयन गरिनेछ।

२३०. भूमि प्रशासन सेवा प्रवाहको सुरुवात गरिनेछ।

२३१. गाउँपालिका बाट स्थाई लेखा नम्बर उपलब्ध गराउने सेवा संचालन गरिनेछ।

२३२. सेवालाई विकेन्द्रीकृत गर्दै वडाको केन्द्रदेखि टाढाँ रहेको भुगोललाई मध्यनजर गर्दै सेवा केन्द्रको विस्तार एवं विद्यमान सेवा केन्द्रको स्तरोन्नतीमा जोड दिइनेछ। गाउँवासीले भोग्नुपरेका सामाजिक, शैक्षिक, कृषि, आयआर्जन तथा दैनिक जीवीकोपार्जन सम्बन्धी समस्यालाई तत्काल सम्बोधन गर्न हरेक महिनाको पहिलो आइतवार **"जनतासँग अध्यक्ष"** कार्यक्रम मार्फत प्रत्यक्ष संवाद गर्ने व्यवस्था मिलाइनेछ ।

**(ख) सङ्गठन तथा क्षमता विकास**

२३३. **"चुस्त संगठनः दुरुस्त सेवा"** लाई प्रशासनिक सेवा प्रभावकारिताको मूल आदर्श मान्दै नीतिगत तथा संरचनात्मक सुधार मार्फत संगठन र सेवा प्रवाहलाई समयानुकुल बनाउन संगठन तथा व्यवस्थापन सर्भेक्षण गरी सांगठनिक ढाँचामा रुपान्तरण गरिनेछ । स्थानीय सेवालाई चुस्त दुरुस्त बनाउन स्वीकृत दरबन्दी संरचना बमोजिम रिक्त स्थानमा स्थायी पदपूर्तिको लागि प्रदेश लोक सेवा आयोगमा माग गरिनेछ ।

२३४. अन्तर स्थानीय तह बिचको बैठक तथा सर्वदलिय / सर्वपक्षीय बैठक आवश्यकता अनुसार ( वर्षमा कम्तिमा दुई पटक ) गरिनेछ ।

२३५. आवश्यकता अनुसार राजनैतिक दलका प्रमुख तथा प्रतिनिधिहरु र गाउँपालिका कार्यालय बिच संयुक्त बैठक गरि राय सुझाव संकलन गरिनेछ ।

२३६. गाउँपालिका कार्यालय तथा वडा कार्यालयहरु एवं स्वास्थ्य संस्थाहरुमा सक्षम जनशक्तिको व्यवस्थापनका लागि बजेट तथा कार्यक्रम तय गरि जनप्रतिनिधि तथा कर्मचारीहरुलाई तालिम / अभिमुखीकरणद्वारा सक्षम बनाउँदै लगिनेछ ।

## (ग) राजस्व तथा स्रोत परिचालन

२३७. गण्डकी गाउँपालिका क्षेत्रभित्रका राजस्वका क्षेत्र पहिचानलाई व्यापक र वैज्ञानिक तुल्याउदै, राजस्वका दर र दायराका आधारहरुलाई बस्तुनिष्ठ तथा प्रगतिशिल बनाउदै लगिनेछ ।

२३८. राजस्व संकलनका लागि अर्थ मन्त्रालयद्वारा निर्दिष्ट सुत्रमा आधारित राजस्व संकलन प्रणालीलाई प्राथमिक दिईनेछ।

२३९. करको दर दायराको सम्बन्धमा समायानुकुल परिमार्जन गरि नागरिकहरुलाई सचेतना गराइनेछ।

२४०. आन्तरीक आम्दानीका स्रोत र क्षेत्रबाट राजस्व संकलन गर्न राजस्वका क्षेत्र, दर र दायरालाई सामाजिक आर्थिक अवस्था, सामाजिक न्याय, आर्थिक सहभागिताको स्तर, सामाजिकमहत्व तथा संवेदनशिलता, मानविय स्वास्थ्य तथा सुरक्षा र विपन्नता तथा गरिबि निवारणरमा भूमिका आदिका आधारमा निर्धारण गरीनेछ ।

२४१. राजस्व प्रशासनलाइ क्षमतावान, पारदर्शी र प्रविधिमा आधारीत भई सुत्रमा अभिलेखबद्ध तुल्याउन तालिम तथा प्रविधिमा लगानी गरिनेछ भने नागरीकस्तरमा राजस्व संकलन प्रतिको विश्वसनियता अभिबृद्धि गर्न आवश्यक परामर्श तथा छलफललाइ भौगोलिक क्षेत्रगत रुपमा तथा योगदान क्षेत्रका रुपमा सञ्चालन गरिनेछ ।

२४२. आन्तरिक राजश्व अधिकतम संकलन प्रयोजनको लागी गाउँपालिका बाट प्रदान गरिने सेवा प्राप्त गर्न र उपभोक्ता समितिमा रहनको लागी अनिवार्य रुपमा कर तिरेको हुनुपर्नेछ तर विपद तथा प्रकोप, भवितव्य, विपन्न समुदायलाई आर्थिक सहायता प्रदान गर्ने सम्बन्धमा छुट दिने ।

२४३. स्थानीय वासिन्दामा **"घरै बसी तिरौ कर समृद्ध गण्डकी हाम्रै भर"** भन्ने भावनाको जागृत गराई मोबाईलको माध्यमबाट घरै बसी कर तिर्ने अभियानलाई थप प्रचार प्रसार गरिनेछ । राजश्व संकलनलाई मितव्ययी एवं प्रगतिशिल बनाईनेछ ।

२४४. **“गण्डकी गाउँपालिकाको प्रमुख कर, दहत्तर बहत्तर”** लाई गाउँपालिकाको आम्दानीको लागी IEE गर्ने, नदिजन्य पदार्थको विद्युतिय माध्यमबाट आय ठेक्का लगाउने, अनिवार्य कर लिने र संघीय र प्रादेशिक कार्यालयहरु लाई समेत अनिवार्य गर्न समन्वय गर्ने।

२४५. अनधिकृत रुपमा नदि खोलामा पसि नदिजन्य पदार्थको चोरि निकासीमा संलग्न व्यक्ति वा संस्था उपर शुन्य सहनशिलताको सिद्धान्त अपनाई कडा कारवाहि गर्ने नीतिलाई निरन्तरता दिईनेछ । चोरी निकासीको सूचना दिने व्यक्तिलाई प्राप्त जरिवानाको २० प्रतिशत पुरस्कार प्रदान गरिनेछ ।

## (घ) बजेट, योजना तर्जुमा, कार्यान्वयन तथा लेखाप्रणाली

२४६. बजेट कार्यन्वयनमा प्रचलित कानुनको पालना, पारदर्शिता र चुस्त प्रतिवेदन प्रणालीको विकास गरीनेछ । जसका लागि मासिक, चौमासिक तथा बार्षिक कार्यक्रम कार्यन्वयन योजनाको निर्माण गरी, सो अनुसार कार्यन्वयनलाई व्यवस्थित र समयबद्ध तुल्याइनेछ ।

२४७. वैधानिक रुपमा प्रक्रिया पुरा गरी सम्झौता पश्चात वा नियमानुसार अनुमति लिएर मात्र कार्यन्वयन चरणमा प्रवेश गरिनेछ । सम्झौता वा अनुमति विना गरीएको कामलाइ कार्यालयको वैधानिक प्रणाली भित्र आवद्ध गरीनेछैन भने कार्यालयको आन्तरिक दायित्व मानिनेछैन । सम्झौता वा अनुमति विनाका कार्यलाइ अवैधानिक करार गरिनेछ ।

२४८. खर्च गर्ने अख्तियारी र खर्चको कार्यविधि स्थानीय सरकार संचालन ऐन, २०७४ एवं प्रचलित आर्थिक ऐन बमोजिम हुनेछ ।

२४९. भुगोल तथा विषय क्षेत्रगत रुपमा नागरीकलाई प्रत्यक्ष सहभागी बनाइ संकलन गरीएका योजनाहरुको गहन विश्लेषण मार्फत छनौट गरी गण्डकी गाउँपालिका योजना बैङ्कको निर्माण गरीनेछ । सरकारी तथा गैरसरकारी क्षेत्रबाट समेत सोही योजना बैङ्क बाट मात्र योजना कार्यन्वयन गरीने परिपाटी को व्यवस्था गरिनेछ ।

२५०. बजेट निर्माणलाई व्यवस्थित र अभिलेखबद्ध तुल्याउन तथा चुस्त प्रतिबेदनका लागि सुत्र प्रणाली निरन्तरता दिइनेछ जसले गर्दा बजेट भित्रका विविध अनियमितताको अन्त्यमा थप जोड हुनेछ ।

२५१. निर्मित योजनाहरु कार्यान्वयनको श्रेस्ता फाँटबारी व्यवस्थित गरी राखिनेछ र चौमासिक रुपमा आन्तरिक लेखा परिक्षण प्रणाली लाई कार्यान्वयन गरिनेछ।

२५२. आन्तरिक नियन्त्रण प्रणाली लाई प्रभावकारी र व्यवस्थीत गरिनेछ।

२५३. महालेखा परिक्षाकको कार्यालयबाट विकास गरिएका प्रणालीहरु (SuTRA, CGAS, NAMS, PAMS, LMBIS, PLMBIS)को पूर्ण रुपमा प्रयोग गरिनेछ।

२५४. भुक्तानि प्रक्रियालाई सरल प्रभावकारी र पारदर्शि बनाउनको लागी भुक्तानिमा EFT को प्रयोग गरिनेछ।

## (ङ) नीति, कानून, न्याय तथा सुशासन

२५५. सार्वजानिक कार्य र सेवालाई नागरिक मैत्री व्यवस्थित प्रभावकारी जनअनुमोदन योग्य मापदण्डमा आधारित कानून निर्माण गरिनेछ ।

२५६. सामाजिक समावेशीकरण संग जोडिएको न्यायिक समितिलाई स्थानीय सरकारको अभिन्न अंगको रुपमा काम गर्ने गरी सुदृढ र विश्वसनीय तुल्याउने प्रगतिशिल न्यायको अनुभूति गराइनेछ ।

२५७. सरकारी कार्यालयको कार्यक्रममा प्रयोग हुने खादाको प्रयोगलाई निरुत्साहित गर्दै स्थानीय रुपमा नै प्राप्त हुन सक्ने फुल मालाको प्रयोगमा जोड दिने नीति लिइनेछ।

२५८. न्याय सेवालाई सबैका लागि न्याय र न्यायमा समान पहुँच अभिवृद्धि गरी छिटो छरितो, निष्पक्ष प्रभावकारी, जनउत्तरदायी, सरल, पहुँच योग्य, जवाफदेही पारदर्शी, सूचना प्रविधिमैत्री बनाई न्यायिक समिति प्रति जनआस्था र विश्वासमा अभिवृद्धि गराउने तथा समतामूलक न्यायको श्रृजना गरिनेछ ।

२५९. सामाजिक सद्भावका लागि न्यायको पहुँचलाई सर्वसुलभ बनाइ मेलमिलाप केन्द्रलाई व्यवस्थित गरी स्थानीय स्तरमा सद्भावना गतिविधिहरु अवलम्बन गरिनेछ ।

२६०. भ्रष्टाचारः समाज विरुद्धको अपराध हो, भ्रष्टाचार जन्य कार्य नियन्त्रण गरी सुशासनको अनुभुति दिलाइनेछ । त्यसका निमित्त सामाजिक तथा वैयक्तिक बुझाईमा सकारात्मक रुपान्तरणको थालनी गरीनेछ भने भष्टाचारजन्य क्रियाकलापका विरुद्ध निरोधात्मक एवं सम्बन्धित जिम्मेवार पक्षालाई दण्डात्मक कारवाहिलाई प्रभावकारी बनाईनेछ ।

२६१. सार्वजनिक पदाधिकारीहरुको जीवन र व्यवहारलाई सार्वजनिक वस्तु वा स्रोतको रुपमा स्विकार गरी नागरीकका सामु पारदर्शि तथा सदाचारको व्यवहारीक अनुभूति दिलाइनेछ।

२६२. कानूनबमोजिम सार्वजनिक आय र सार्वजनिक खर्च प्रणालीबाट सार्वजनिक पदाधिकारीको निजि जीवनलाइ निरपेक्ष तुल्याइनेछ भने कानुन र नागरीकका नजरमा सार्वजनिक पद र जिम्मेवारीलाई खुला कितावको रुपमा स्विकार गरिनेछ ।

२६३. जनप्रतिनीधि तथा राष्ट्रसेवक कर्मचारीले पदीय दायित्वलाई आत्मसाथ गर्दै पूर्णरुपमा आचारसंहितालाई पालना गर्ने व्यवस्था मिलाइनेछ ।

२६४. विषयगत समिति, विषयगत कार्यालय र प्रशासन जनप्रतिनिधीको कार्यसम्पादनलाई जिवित तथा सरलिकृत बनाईनेछ ।

२६५. वडा कार्यालय, स्वास्थ्य चौकी तथा शाखाहरुको कार्य सम्पादनमा चुस्तता ल्याउनका लागी लागु भएको नमुना वडा तथा शाखा कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

२६६. स्थानीय तह संचालनका लागी आवश्यक पर्ने तथा बन्न बाँकी कानुनहरु निर्माण र कार्यान्वयन गरिनेछ ।

२६७. स्थानीय कानुनहरुको संकलन तथा अभिलेखिकरण लाई व्यवस्थित गरिनेछ।

२६८. भष्ट्राचार विरुद्ध शुन्य सहनशीलताको नीतिलाई अवलम्बन गरिने छ। सेवा प्रवाहमा नागरिकको सहभागिता र पहुँच अभिवृद्धि गर्न सार्वजनिक सुनुवाई सार्वजनिक परीक्षण र सामाजिक परीक्षण कार्यक्रमलाई विस्तार गरिनेछ ।

**(च) न्यायिक समिती, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन**

२६९. स्थानीय मेलमिलाप र मध्यस्थताको लागि आवश्यक नीति तर्जुमा गरी प्रत्येक वडा कार्यालयहरुमा स्थापना भएको स्थानीय मेलमिलाप केन्द्र लाई थप अभिमुखीकरण तालिम प्रदान तथा स्तरोन्नती गरिनेछ । न्यायिक समितिमा कानूनी परामर्शदाताको व्यवस्थापन गरी न्याय निरूपणलाई चुस्त दुरुस्त बनाइनेछ ।

२७०. न्याय सम्पादनमा सूचना प्रविधिको प्रयोग गर्दै न्यायिक काम कारबाही तथा विवाद निरुपणको गुणस्तरीयता अभिवृद्धि गरिनेछ ।

२७१. न्यायिक समितको कार्यलाई चुस्त दुरुस्त गर्न पालिकामा व्यवस्थित इजलासको व्यावस्था गरिनेछ।

२७२. न्यायिक समितिले गर्ने कामकारवाही एवं अधिकारक्षेत्रबारेमा जनतालाई सुसूचित गराई न्यायिक समितिमा सेवाग्राहीको सहज र समान पहुँच अभिवृद्धि गर्दै प्रभावकारी विवाद निरुपण गर्न **"जनतासँग न्यायिक समिति"** कार्यक्रम सञ्चालन गरिनेछ ।

**(च) समन्वय र सहकार्य**

२७३. छिमेकी गाउँपालिकाहरुसँग साझा सरोकारका विषयहरु जस्तैः विपद व्यवस्थापन, सिमा विवाद, दमकल व्यवस्थापन, स्थानीय राजश्व तथा कर संकलन, खानेपानी व्यवस्थापन, असल अभ्यासको आदानप्रदान, जस्ता विषवहरुमा आवश्यक छलफल, समन्वय र सहकार्य गर्न संयुक्त समिति गठन गरिनेछ । गाउँपालिकाको विकास निर्माण र सेवा प्रवाहलाई तिव्रता दिन सङ्घ, प्रदेश, जिल्ला समन्वय समिति तथा छिमेकी स्थानीय तहहरुसँग आवश्यक समन्वय र सहकार्य गरिनेछ ।

२७४. सङ्घीयता सबलीकरणमा सहयोग पुयाउने संयन्त्रलाई थप क्रियाशील र सक्रिय बनाइनेछ। तीनै तहबीच सामञ्जस्यता र अन्तरसम्बन्ध स्थापित गरी नीतिगत सुधार, विकास क्रियाकलाप र सेवा प्रवाहलाई सुदृढ बनाई। सुशासन कायम गरिनेछ ।

**(ज) स्थानीय अभिलेख व्यवस्थापन**

२७५. जनसाङ्ख्यिक, प्राकृतिक, आर्थिक, सामाजिक, साँस्कृतिक, भौतिक पूर्वाधार, रोजगारीको अवस्था, प्रतिव्यक्ति आय, विपद व्यवस्थापनको लागि नीति, कानून, मापदण्ड र योजना अद्यावधिक गरी कार्यान्वयन, अनुगमन र नियमनमा जोड दिइनेछ ।

२७६. राजश्व तथा आयव्यय तथ्याङ्क संकलन र प्रशोधन गरी डिजिटल प्रोफाइललाई अद्यावधिक गरिनेछ । सम्पत्ति, सामुदायिक सम्पत्ति, भवन, सडक, पसल, व्यवसायको विवरण सहितको अद्यावधिक अभिलेख राखिनेछ ।

२७७. गाउँपालिकामा सम्पन्न भएका तथा चालु योजनाको विवरण र त्यस्तो योजनाको सम्पत्तिको अद्यावधिक अभिलेख राखिनेछ । स्थानीय अभिलेख व्यवस्थापनमा सूचना प्रविधिको भरपुर उपयोग गरिनेछ ।

**सभा सदस्य ज्युहरु,**

लोकतान्त्रिक विधि र पद्धतिबाट निर्माण गरेका नीति तथा कार्यक्रमहरुको प्रभावकारी र व्यवस्थित कार्यन्वयन गर्न सवै विकास साझेदार संग सहकार्य, रचनात्मक सहयोग तथा साझेदारीको अपरिहार्य आवश्यकता छ । विभिन्न अनुभव र अभ्यास वाट आज २० औ गाउँसभा सम्म आईपुग्दा जनताको दुखको साथीको रुपमा स्थानीय सरकार बन्दै गईरहेको छ । गहन जिम्मेवारीका साथ हामी सबैको सार्थक प्रयास र सकारात्मक सोचले नै गाउँपालिकाको सर्वाङ्गीण विकासमा मद्धत पुग्ने कुरा राख्न चाहान्छु । त्यसैले यस सम्मानित गाउँसभा मार्फत समृद्ध गण्डकी गाउँपालिका निर्माणको महाअभियानमा सहकार्यका लागि सम्पूर्ण सरकारी निकायहरु, निजि क्षेत्र, अन्तराष्ट्रिय संघ संस्थाहरु, गैर सरकारी संघ संस्थाहरु, विभिन्न विकास साझेदारहरु, टोल विकास संस्थाहरु एंव अन्य सरोकारवाला संग म हार्दिक अनुरोध गर्न चाहान्छु ।

अन्तमा, प्रस्तुत योजना तथा कार्यक्रमले यस गाउँपालिकाको समग्र विकासमा सकरात्मक र दुरगामी प्रभाव पार्ने विश्वास लिदै आगामी आर्थिक वर्ष २०८३/८४ को प्रस्तावित नीति तथा कार्यक्रम मस्यौदा तयार पार्न प्रत्यक्ष अप्रत्यक्ष रुपमा सहयोग गर्नु हुने संघीय संसद तथा प्रदेश सभाका माननिय सदस्य ज्यूहरु, सम्पूर्ण जनप्रतिनिधि साथिहरु, विषय विज्ञ महानुभावहरु, राजनैतिक दल, नागरिक समाज, बुद्धिजिवि मित्रहरु, गैर सरकारी संस्थाका साझेदार मित्रहरु, टोल विकास संस्थाका मित्रहरु, विकास साझेदार मित्रहरु, ट्रेड यूनियनका मित्रहरु, शिक्षक, प्राध्यापक, पत्रकार तथा यस गाउँपालिका वासी सम्पूर्ण दाजुभाई दिदि बहिनीहरु, गाउँपालिकाका हरेक गतिविधिको बारेमा सत्यतथ्य सूचना प्रवाह गरी सहयोग पुऱ्याउनु हुने संचारकर्मी मित्रहरु एंव प्रमुख प्रशासकीय अधिकृत लगाएत राष्ट्र सेवक कर्मचारीहरु प्रति हार्दिक आभार सहित धन्यवाद ज्ञापन गर्दछु ।

यस गौरवपूर्ण २० औं गाउँसभाको यो महत्वको अवसरमा प्रस्तुत हाम्रो पालिकाको नीति तथा कार्यक्रम पूर्णरुपले कार्यान्वयन गर्ने प्रतिवद्धता व्यक्त गर्दै सफल कार्यान्वयनको लागि हार्दिक शुभकामना प्रदान गर्दछु।

धन्यवाद।

दिपक तिमिल्सिना (साकार)
सभाध्यक्ष
गण्डकी गाउँपालिका, गोरखा